आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔँ।

- इयाल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्नुभन्दा अगाडि बालेको आगो वा हिटर निभाऔँ,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौ, गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यानसमेत जान सक्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

मजदुर
The Worker Daily दैनिक

- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

वर्ष : २५ ★ अङ्क : ३३९ ★ ने. सं. ११४४ थिंल्ला गा, द्वितीया ★ बिहीबार ★ १२ पुस, २०८० ★ December 28, 2023, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

### भक्तपुर नगरव्यापी विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता उद्घाटन

# खेलकुदको क्षेत्रमा सशक्त भई अगाडि बढ्नुपर्नेमा जोड



भक्तपुर, ११ पुस । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नगरव्यापी विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिताको बुधबार सहिद स्मृति मेल मैदानमा उद्घाटन भयो। प्रमुख अतिथि प्रजापतिले भलिबल खेलका रेफ्रि लक्ष्मीप्रसाद स्वंगमिखालाई खेल सामग्री हस्तान्तरण गरी प्रतियोगिताको उद्घाटन गर्नुभयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले अनुशासित र सक्षम खेलाडीहरू तयार पार्दै भविष्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्ने उद्देश्यले भक्तपुर नपाले खेलकुदहरूको नियमित प्रशिक्षण, प्रतियोगिता र खेलाडी सम्मान कार्यक्रममा जोड दिँदै आएको बताउनुभयो ।

खेलकुद प्रतियोगिताहरू औपचारिकतामा मात्रै सीमित हुन नहुने बताउँदै उहाँले खेलकुद मानव जीवनको अभिन्न अङ्ग हो र खेलाडीहरूले खेलकुदको क्षेत्रमा सशक्त भई अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो ।

देश र समाजप्रतिको आफ्नो दायित्वलाई कहिल्यै बिर्सन नहुने विचार व्यक्त गर्दै प्रमुख प्रजापतिले विद्यार्थीहरूलाई विद्यालय जीवनदेखि अनुशासित र मर्यादित बनाउन खेलकुदको निकै ठूलो भूमिका रहने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष एवम् नगर खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले २०८० पुस ११-१३ गतेबाट सञ्चालन हुने राष्ट्रपति रनिङ शिल्डको लागि भलिबल, कबड्डी, उसु, तेक्वान्डो, एथ्लेटिक्स र कराँते गरी ६ वटा खेलमा प्रतियोगिता हुने अवगत गराउनुभयो ।

भक्तपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष दीपक थापाले भक्तपुर नपाले पूर्णकालीन खेलकुद प्रशिक्षक नियुक्ति गरी विद्यालयहरूमा खेलकुद प्रशिक्षणलाई जोड दिँदै सराहनीय कार्य गर्दै आएको बताउँदै खेलकुद क्षेत्रमा भएका यस किसिमका गतिविधिले भक्तपुरबाटै राष्ट्रिय अन्तर्राष्ट्रिय खेलाडी तथा रेफ्रि तयार हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा भनपा ४ का वडाध्यक्ष उपेन्द्र सुवाल र भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले खेलकुद प्रतियोगितालाई अनुशासित, मर्यादित र व्यवस्थितरूपले सञ्चालन गर्ने उद्देश्यले नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत सञ्चालन भएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता निकै महत्त्वपूर्ण प्रतियोगिता भएको बताउनुभयो ।

कार्यक्रममा खेलाडीको तर्फबाट गणेश माविका भलिबल खेलाडी कन्चन थिङ र रेफ्रिको तर्फबाट रोजिना सैंजुले सपथग्रहण गर्नुभएको थियो ।

कार्यक्रममा भनपा वडा नं. ८ का वडा सदस्य तथा खेलकुद समितिका सदस्य रामसुन्दर बासीले भक्तपुर नगरव्यापी विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिताअन्तर्गत २०८० पुस ११ गते बिहान ८ बजेबाट सहिद स्मृति खेल मैदानमा भलिबल र लिबाली कभर्ड हलमा कबड्डी खेल, पुस १२ गते महेश्वरी खेलमैदानमा एथ्लेटिक्स, लिबाली कभर्ड हलमा तेक्वान्डो प्रतियोगिता, ख्वप कलेज देकोचामा कराँते प्रतियोगिता हुने र १३ गते शुक्रबार लिबाली कभर्ड हलमा उसु खेलको प्रतियोगिता हुने जानकारी गराउनुभयो ।

भक्तपुर नगरव्यापी विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितामा नगरभित्रका ४५ वटा विद्यालयहरू र ७५० जना विद्यार्थीहरूको सहभागिता रहेको भक्तपुर नपाको खेलकुद समितिले जनाएको छ ।

# जुलुस र सभा गर्नु नै राजनीति होइन

काठमाडौँ, ११ पुस । हो, कार्यकर्ताहरूलाई टीको लगाएर पार्टी सदस्यता दिनु, धार्नीका धार्नी फूलको माला लगाएर प्रधानमन्त्री र नेताहरूलाई स्वागत गर्नु तथा हुल जम्मा गरेर पैसा बाँड्नु नै राजनीति होइन न त नेताहरूले कार्यकर्तालाई मूर्ख बनाउनु र स्वार्थीहरूले प्रधानमन्त्री र नेताहरूलाई मूर्ख बनाउनु नै राजनीति हो । टीको लगाएपछि कार्यकर्ता राम्रो हुने भए तिनीहरूलाई फित्ता वा पगरी लगाएर फुर्काऔँ, प्रधानमन्त्री र नेताहरूलाई व्यापारी, उद्योगपति, ठेकेदार र तस्करहरूले धार्नीका धार्नी सुनकै सिक्री लगाऔँ।

के यसरी समाज र देशको हित होला ? देशको भूगोल र अर्थतन्त्र, वर्तमान राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिबारे राम्रो जानकारी वा शिक्षा नदिई सिद्धान्तविपरीत अन्य पार्टीका कार्यकर्तालाई पार्टीमा टिको लगाएर भित्र्याउँदा के नयाँ आगन्तुक कार्यकर्ताबाट नयाँ पार्टीको घोषणापत्रअनुसार काम होला ?

सत्य त्यही हो भने दल बदल गर्ने कार्यकर्तालाई छानी छानी पार्टी नेता र प्रधानमन्त्री नै बनाए झन् राम्रो होला । हिजो एउटा सामाजिक अपराध गरेका र भ्रष्टाचारी व्यक्तिलाई अर्को पार्टीले टीको लगाएर नेता र मन्त्री बनाएर के राजनैतिक नैतिकता र समाजमा चलि आएको सदाचार बाँकी रहला ? गाउँ गाउँ र जिल्ला जिल्लामा अपराधी र बदनाम व्यक्तिहरूलाई नेता र प्रधानमन्त्रीले काठमाडौँमा टीको लगाउँदैमा के तिनीहरूको आपराधिक आचरणमा शुद्धता आउला ? ठूलो दल बनाएर सरकारको नेतृत्व गरेर देश बिग्रेको मात्र नभई पतन भई पाताल पुगेको अनुभव सबैले गरेका छन् । ऐन कानुन र अदालतको न्याय कहिले कार्यपालिका र कहिले विधानपालिकाले उल्लङ्घन गरेर देशमा न्याय व्यवस्था कायम रहला ?

XXX

प्रधानमन्त्री, नेता र मुख्यमुख्य कार्यकर्ताले एक दिन आफ्ना नाति-नातिनाहरूसँग खेल्दा देशका लाखौँ बालबालिकाहरूबारे सोच्ने समय खेर जानेछ । सामान्य नागरिकले आफ्नो परिवारबारे सोच्छन् भने नेता र कार्यकर्ताले आफ्नो परिवारलाई प्राथमिकता दिने होइन पार्टी समाज र देशको बारेमा समय दिने हो । जसरी प्रधानाध्यापकले विद्यालयमा आफ्नो छोराछोरीबारे नभई सबै विद्यार्थीबारे चिन्तन गर्ने हो त्यस्तै सांसदहरूले मन्त्री पद ताक्ने होइन, काठमाडौँमा महल बनाउने चिन्ता गर्ने होइन, बरु विदेशीले पठाएको सरकारले ल्याउने विधेयकहरूबारे अध्ययन गर्ने र त्यसको समुचित खण्डन गर्ने र विरोध गर्नमा समय दिनुपर्छ ।

सांसद पद सामानको किनमेल होइन, व्यापारीहरूको नाफा खाने पसल होइन, कुनै सांसदले नाफा खान एउटा पार्टीको वा स्वतन्त्र उम्मेदवार भएर विजय प्राप्त गरी आफ्नो स्वार्थ हेर्छ भने ऊ जनप्रतिनिधि होइन, ऊ व्यापारी हो; कालाबजारिया हो; ठग र अपराधी हो ।

XXX

राजनीतिक दलका नेता र कार्यकर्ताहरूले आफ्नै दलको पक्षमा, सरकारको नीतिको विरोध र पक्षमा वा अन्तर्राष्ट्रिय घटनाको बारेमा आफ्नो समर्थनमा जनसभा, विरोध प्रदर्शन र टिप्पणी गरेर मात्रै आफ्नो कर्तव्य पूरा हुने गर्दैन बरु आफ्ना गतिविधिले आफ्नै देशभित्र एवं बाहिर त्यसको के प्रतिक्रिया आयो भन्नेबारे गम्भीर हुनैपर्ने हुन्छ र समीक्षासमेत गर्नु आवश्यक छ ।

आफ्नो देश र राजनीतिक दलहरूबारे नेपाली जनताले जति गहिरिएर बुझेको हुन्छ विदेशीहरूले एकै किसिमले बुझेका हुँदैनन् । नेपालका हरेक पार्टीको नामबाट तिनीहरूले मूल्याङ्कन गर्ने

बाँकी पृष्ठ ८ मा

# माओ जन्मदिवसमा कैलालीमा कार्यकर्ता प्रशिक्षण

कैलाली, ११ पुस । नेपाल क्रान्तिकारी महिला सङ्घ जिल्ला समिति कैलालीको आयोजनामा विश्व सर्वहारा वर्गका नेता एवं चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष माओ त्सेतुङको जन्म दिवसको अवसरमा लम्किचुहामा कार्यकर्ता प्रशिक्षण कार्यक्रम बुधबार सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले अध्यक्ष माओको योगदानबार जानकारी दिँदै चीन विश्व महाशक्ति बन्न सक्नुमा अध्यक्ष माओको नेतृत्वको महत्त्वपूर्ण योगदान रहेको बताउनुभयो ।

चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा चिनियाँ जनक्रान्ति सफलतापूर्वक सम्पन्न भएको स्पष्ट पार्दै उहाँले मार्क्सवादलाई चिनियाँ भूमिमा सफलतापूर्वक सम्पन्न गरी माओ विचाराधारा स्थापित भएको बताउनुभयो ।

हमासलाई आक्रमण गर्ने निहुमा इजरायलले सर्वसाधारण प्यालेस्टिनी जनताका हत्या गरिरहेकोले विश्वभरका न्यायप्रेमी जनताले इजरायलको विरोध गरिरहेका छन्, उहाँले भन्नुभयो ।



नेमकिपा कैलालीका अध्यक्ष रमेश कुमार रावलले माओ त्सेतुङकै नेतृत्वमा चीनले जापानी साम्राज्यवादलाई परास्त गर्न सकेको बताउनुभयो ।

माओका विभिन्न रचनाहरू अध्ययन गरी कार्यकर्ताहरूले व्यवहारिक र सांस्कृतिकस्तर उकास्नुपर्नेमा जिल्ला अध्यक्ष रावलले जोड दिनुभयो ।

नेक्राशिसङ्घ कैलालीका अध्यक्ष गुप्तबहादुर शाहीले माओको जीवनी र जीवन सङ्घर्षबारे प्रकाश पार्नुभयो ।

कार्यक्रममा नेक्रामहिला सङ्घ कैलाली अध्यक्ष लक्ष्मी पुन, गगनबहादुर थापामगर, ज्योति बडुवाल, धनबहादुर थापा, भक्तिप्रसाद न्यौपाने, गजबहादुर दर्लामी, जानकी शाही, प्रेम बडुवाललगायतले बोल्नुभएको थियो ।

त्यस्तै नेमकिपा कैलालीको आयोजनामा पुस ७ गते जोसेफ स्तालिनको जन्म दिवसको अवसरमा लम्किचुहामा कार्यकर्ता प्रशिक्षण सम्पन्न भयो ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाही, नेमकिपा कैलाली अध्यक्ष रमेशकुमार रावल, लक्ष्मी पुन, गगनबहादुर थापामगर, ज्योति बडुवाल, गुप्तबहादुर शाही, प्रेम बडुवाल, हिक्मत भण्डारीलगायतले बोल्नुभएको थियो ।

## ‘विनासमा क्रिसमस’ नारासहित प्यालेस्टिनी जनताप्रति ऐक्यबद्धताको लागि आग्रह

प्यालेस्टिन पुन:स्थापनाको लागि विश्वव्यापी अभियानले संसारभरिका आफ्ना मित्र र सदस्यहरूलाई देहाय बमोजिम आग्रह गरेका छन् :

**प्रिय साथीहरू,**

क्रिसमसको दिनदेखि नयाँ वर्षको दिनसम्म प्यालेस्टिनी जनताप्रति विश्वव्यापी अभियानमा भाग लिन हामी आमन्त्रण गर्दछौँ ।

**सुझावहरू :**

१) क्रिसमसको रूखमा गाजाका इशाईहरूको अपराध व्यक्त हुने तस्बिरहरू झुन्ड्याउने र सामाजिक सञ्जाल र सञ्चार माध्यममा गाजाका बालबच्चाहरू, शहिदहरू, घाइतेहरू र ध्वस्त आवासहरूको तस्बिर प्रकाशित गर्ने,

२) गाजाको विनाश व्यक्त हुने प्यालेस्टिनी झन्डा र पोस्टरहरू ठड्याउने,

३) ‘दुखद क्रिसमस’, ‘विनाशमा क्रिसमस’ उल्लेख गरी ट्वीट गर्ने,

४) क्रिसमसको रूखमा बमबारी भएको तस्बिर बनाएर ‘विनाशमा जन्म’ नारा लेखेर सामाजिक सञ्जाल, इन्स्टाग्राम, ह्वाट्सएप र अन्य उपकरणमा राख्ने ।




भक्तपुर नगरव्यापी विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिताअन्तर्गत बुधबार लिवाली कबर्ड हलमा भएको कबड्डी प्रतियोगितामा प्रतिस्पर्धा गर्दै छात्रा खेलाडीहरू ।

*तस्बिर : मजदुर दैनिक*

# ज्येष्ठ नागरिकलाई लक्षित गरी आकासे पुलमा लिफ्ट

काठमाडौँ, ११ पुस । काठमाडौँ महानगरपालिकाले बानेश्वरको आकासे पुलमा ज्येष्ठ नागरिकलाई लक्षित गरी दुई वटा लिफ्ट राख्ने तयारी गरेको छ । उक्त पुलको दुवैपट्टि एक/एक वटा लिफ्ट राख्ने तयारी भएको कामपाका ट्राफिक विज्ञ सल्लाहकार जगतमान श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त लिफ्टलाई प्रयोगकर्ताले आवश्यकता अनुरूप प्रयोग गर्न सक्नेछन् ।

लिफ्ट ज्येष्ठ नागरिकप्रति लक्षित गरेर राखिने भए पनि अन्य शारीरिक रूपमा असक्षम, अपाङ्गता भएका नागरिक तथा बालबालिकाले प्रयोग गर्न सक्ने श्रेष्ठको भनाइ थियो । उहाँका अनुसार लिफ्टमा एक पटकमा आठ जनाले सेवा लिन सक्नेछन् ।

आकासे पुलमा लिफ्ट राख्नका लागि कामपाले चालु आर्थिक वर्षमा रु. पाँच करोड विनियोजन गरेको छ । चालु आवको नीति कार्यक्रम र बजेटमा व्यवस्था भएअनुरूपनै कामपाले उक्त स्थानमा लिफ्ट राख्ने तयारी गरेको जनाएको छ ।

लिफ्टका लागि बोलपत्र आह्वानको अन्तिम तयारी भइरहेको जनाउँदै आगामी साता निर्माणका लागि सार्वजनिक सूचना आउने ट्राफिकविज्ञ सल्लाहकार श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार लिफ्ट राखिसकेपछि त्यसको संरक्षण र रेखदेख गर्नका लागि कामपाले केही स्वयम्सेवक राख्ने तयारी गरेको छ ।

कामपाले चालु आवमा सडक सुरक्षाका लागि बस बिसौनी निर्माण, बसको रुट मिलाउने, सडकबत्ती विस्तार गर्दै जाने, एकतर्फी सडकको व्यवस्थापन गर्ने, मोटरसाइकल ग्यारेज सञ्चालनका लागि मापदण्ड बनाउने, सडकमा डिभाइडरको व्यवस्थापन, पेट्रोल पम्पको व्यवस्थापन, सडक सङ्केत तथा चिन्ह व्यवस्थापनलगायत काम गर्ने जनाएको छ ।

यससँगै दैनिक उपभोग्य वस्तुको ढुवानी, मालबाहक सवारी, विद्यालयका बसको समय निर्धारण, पार्किङ व्यवस्थापन गर्ने, विद्यालयमा यातायात प्रणालीसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने पनि कामपाको तयारी छ ।

सल्लाहकार श्रेष्ठले सडकमा सङ्केत चिन्ह मिलाउन तत्काल काम थाल्नुपर्ने बताउनुभयो । यस्ता चिन्ह आधिकारिक निकायले अध्ययन गरेर मात्र राख्नुपर्ने भएकाले कामपाले अध्ययनको गरिरहेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार सडक चिन्ह देखिने, स्पष्ट, बुझ्न सजिलो हुने तथा प्रोत्साहन दिने खालका हुनुपर्दछ । चालु आवमा कामपाको अधिकारक्षेत्रमा पर्ने यातायात क्षेत्रको सुधारका लागि रु. ४४ करोड छुट्याइएको छ । **(रासस)**

# 'गुलाफ' को पहिलो मञ्चन नेपालमा

काठमाडौँ, ११ पुस (रासस) । नाटक 'गुलाफ : यशोधराको जागरण यात्रा' को मञ्चन यात्रा नेपालबाट सुरु हुने भएको छ । बुधबार मण्डला नाटकघर थापागाउँमा यस नाटकको पहिलो मञ्चन (वर्ल्ड प्रिमियर) भएपछि यसको यात्रा युरोपका सहरहरूमा हुने परिकल्पनाकार तथा निर्देशक रामहरि ढकालले जानकारी दिनुभयो ।

"यो नाटक फिजिकल थिएटर विधामा रहेर तयार पारिएको छ, यसमा संवाद छैन, तर दृश्यमार्फत कथा प्रस्तुत गर्नेछौँ", निर्देशक ढकालले भन्नुभयो, "सामान्यतया नाटकहरूको वर्ल्ड प्रिमियरको सन्दर्भ जोडिँदैन तर यो नाटक नेपालबाहिर पनि मञ्चन निश्चित भएकाले यस्तो भनेका हौँ ।"

विगत दुई दशकभन्दा बढी समयदेखि रङ्गकर्ममा रहनुभएका निर्देशक ढकालले यसको अङ्ग्रेजी नाम 'द रोज : एन अवेकनिङ जर्नी अफ यशोधरा' राखिएको बताउनुभयो । यस नाटकको विधा मात्रै विशेष नभई मञ्च र दर्शक संयोजन पनि विशेष रहेको छ । 'गुलाफ'को मञ्च नाटक घरको बिचमा तयार पारिएको छ । त्यसमा मञ्चको चारैतिरबाट दर्शकले अवलोकन गर्न सक्नेछन् । एक शोमा ६४ जनाले मात्र प्रवेश पाउनेछन् ।

सिद्धार्थ गौतमले आफ्ना प्रश्नहरूको उत्तरको खोजीमा नवजात शिशु राहुल, श्रीमती यशोधरा र राज्य त्याग गरेर गएपछि यशोधरामा परेको मानसिक उतारचढावलाई 'गुलाफ'ले आफ्नो विषय बनाएको छ ।

नाटकमा यशोधराका रूपमा कलाकारहरू दीया मास्के र सरिता साह प्रस्तुत हुनुहुनेछ । ठेट्ना आर्ट्स र मण्डला थिएटरको प्रस्तुति रहेको यस नाटकलाई आर्ट एन्ड कल्चर नर्वे, नोर्डिक कल्चर फन्ड र फुक नोले सहयोग गरेको छ । **(रासस)**

हार्दिक समवेदना



जन्म
२०११/०७/२५

निधन
२०८०/०९/०६

तुल्सी नारायण सुवाल

हाम्रा आत्मीय मित्र प्रकाश सुवालका पूजनीय बुबा **तुल्सी नारायण सुवाल**को दुःखद स्वर्गारोहण भएको ७ औं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

साथीहरू

पञ्चरत्न सैंजु — शिवराम किजु
अनिश कासिछ्वा — दिनेश छुकां
रञ्जन कवां

# पहाडी भू-भागमा आंशिक बदली हुने

काठमाडौँ, ११ पुस । हाल नेपालमा उल्लेखनीय मौसमी प्रणाली छैन । हाल कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी भू-भागमा आंशिक बदली रही बाँकी भू-भागमा मौसम सामान्यतया सफा रहेको जनाइएको छ ।

आज दिउँसो कोशी, वाग्मती र गण्डकी प्रदेशको पहाडी भू-भागमा आंशिक बदली रही बाँकी भू-भागमा मौसम सामान्यतया सफा रहने मौसमविद् रोजन लामिछानेले जानकारी दिनुभयो । उहाँका अनुसार कोशी, वाग्मती र गण्डकी प्रदेशको उच्च पहाडी तथा हिमाली भागको एक-दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ । बुधबार दिउँसो काठमाडौँमा वायुको तापक्रम ११ डिग्री सेन्टिग्रेड रहेको र पारदर्शिता (भिजिबिलिटी) चार हजार पाँच सय मिटर रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

यसैगरी काठमाडौँको बुधबार बिहानको न्यूनतम तापक्रम सात दशमलव आठ डिग्री रहेको तथा बुधबार अधिकतम तापक्रम १८ देखि २० डिग्री सेन्टिग्रेडको बिचमा रहने मौसमविद् लामिछानेले बताउनुभयो ।

यसैगरी आज राति कोशी र बागमती प्रदेशको पहाडी भू-भागमा आंशिक बदली रही बाँकी भागमा मौसम सामान्यतया सफा रहने जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

**(रासस)**

# सुदूरपश्चिममा पुनः कोरोना सङ्क्रमण बढ्दो

सुदूरपश्चिम, ११ पुस । पछिल्ला महिनामा शून्य रहेको कोरोना भाइरसको सङ्क्रमण सुदूरपश्चिम प्रदेशमा पुनः देखिन थालेको छ ।

भारतबाट भित्रिने नागरिकको सीमा नाकामा गरिएको एन्टिजेन परीक्षणबाट पछिल्लो हप्तामा आठजनामा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ । गौरीफन्टा सीमा नाकास्थित हेल्थ डेस्कका अहेव गणेश साउदले भारतबाट भित्रिने नागरिकमध्ये लक्षण देखिएकाको एन्टिजेन विधिबाट नमुना जाँच गर्दा आठजनामा कोरोनाको सङ्क्रमण फेला परेको जानकारी दिनुभयो ।

"सङ्क्रमित चारको नमुना थप परीक्षणका लागि प्रदेशको प्रयोगशालामार्फत काठमाडौँ पठाइएको र चार सङ्क्रमितको नमुना बुधबार पठाउने तयारी भइरहेको छ", उहाँले भन्नुभयो, "सङ्क्रमितमा कुन भेरियन्ट हो भनेर पत्ता लगाउन नमुनाको थप परीक्षण गर्न जरुरी भएको हो ।"

सीमा नाकामा सङ्क्रमित फेला पर्ने बिरामीलाई 'होम आइसोलेसन'मा बस्न अथवा सिकिस्त बिरामीलाई अस्पताल जान सल्लाह दिइने र सम्बन्धित पालिकासँग पनि समन्वय गर्ने गरिएको साउदले बताउनुभयो । कोरोना भाइरसको नयाँ भेरियन्ट देखिएपछि विश्व स्वास्थ्य सङ्गठनले केही दिनअघि सचेत गराइएको पनि साउदले बताउनुभयो ।

स्वास्थ्य निर्देशनालय, प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रको तथ्याङ्कमा भने पछिल्ला तीन दिनमा प्रदेशमा तीनजना कोरोना सङ्क्रमित फेला परेको उल्लेख गरिएको छ । पछिल्लो २४ घण्टामा गौरीफन्टा र गड्डाचौकी सीमा नाकाबाट भित्रिने नागरिकमध्ये शङ्कास्पद ७६ जनाको एन्टिजेन परीक्षण गर्दा एकजनामा र पुस ८ गते दुईजनामा सङ्क्रमण फेला परेको निर्देशनालायको तथ्याङ्कमा उल्लेख छ । **(रासस)**

# ठगी अभियोगमा कुश्माका प्रमुख प्रशासकीय अधिकृत पक्राउ

पर्वत, ११ पुस । ठगीको आरोपमा कुश्मा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उदयबहादुर पराजुली कार्यालयबाटै पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालयको टोलीले बुधबार दिउँसो पराजुलीलाई कार्यालयबाटै पक्राउ गरेको हो ।

प्रमुख प्रशासकीय अधिकृत पराजुली कास्कीको सहकारी रजिस्ट्रारको कार्यालय पोखरामा सेवारत हुँदा सहकारीको रकम ठगी प्रकरणमा मुछिएका थिए । सहकारी रजिस्ट्रार रहेका बेला निजले मित्रमिलन बचत तथा ऋण सहकारीको कार्यक्षेत्र विस्तार गर्ने क्रममा घूस लिएको आरोप थियो ।

कास्की प्रहरीको अनुरोधमा पर्वत प्रहरीले निजलाई पक्राउ गरेर कास्की पठाएको जिल्ला प्रहरी कार्यालय पर्वतका प्रहरी नायब उपरीक्षक खुमलाल भुसालले जानकारी दिनुभयो । तत्कालीन रजिस्ट्रार पराजुलीलाई रु. एक करोड पाँच लाख घूस लिएको आरोप लागेको छ ।

# आधुनिक खेतीप्रणालीले सुध्रिँदै इलामको अलैँचीखेती

**मनोज अधिकारी**

इलाम, ११ पुस । आधुनिक खेतीप्रणालीको प्रयोगले अलैँचीमा सुधार गरेपछि इलामका किसानले आम्दानी बढाउन थालेका छन् । प्रायः किसानले परम्परागत प्रविधिबाट खेती गरिरहेकाले पनि अलैँची मासिएको थियो । मात्रा मिलाएर मलजल र गोडमेल नहुँदा फल दिन सकेको थिएन ।

सूर्योदय नगरपालिका-१ बाङ्गिनका बिरेन शेरेडले करिब एक सय रोपनी क्षेत्रफलमा अलैँची लगाउनुभएको छ । "वर्षमा २७ देखि ३१ मन सम्म उत्पादन हुन्छ, सबै खर्च कटाएर वार्षिक रु. आठ-दश लाख बचत हुन्छ", उहाँले भन्नुभयो । अलैँची मासिएर निराश भएको समयमा तालिम लिएर खेती गर्दा पुनः अलैँचीबाट आम्दानी लिन थालेको उहाँले बताउनुभयो ।

जिल्लामा यस वर्ष एक हजार तीन सय २० दशमलव पाँच मेट्रिक टन अलैँची उत्पादन भएको छ । यो अघिल्लो वर्षको तुलनामा सात दशमलव ९६ प्रतिशतले धेरै हो । एक हजार सात सय ५३ हेक्टर जमिनमा सो बराबरको अलैँची उत्पादन भएको कृषि ज्ञान केन्द्र इलामका प्रमुख टोनी बर्देवाले जानकारी दिनुभयो ।

उहाँ अनुसार गत आवमा एक हजार दुई सय १५ दशमलव २६ मेट्रिक टनमात्र अलैँची उत्पादन भएको थियो । उहाँले भन्नुभयो, "पोहोर एक हजार सात सय ५५ हेक्टर जमिनमा अलैँचीखेती गरिएको थियो । अलैँचीको बगान घटे पनि यस वर्ष उत्पादन र उत्पादकत्व वृद्धि भएको छ ।" गत वर्ष प्रतिहेक्टर शून्य दशमलव ६९ उत्पादकत्व रहेकामा चालु आ.व.मा वृद्धि भएर प्रतिहेक्टर शून्य दशमलव ७५ पुगेको उहाँले बताउनुभयो ।

दशकअघि इलामका किसानको मुख्य आम्दानीको स्रोत नै अलैँची थियो । अलैँचीकै आम्दानीले घर खर्च चलाउन मात्र होइन जग्गा-जमिन जोड्नसमेत सहयोग पुगेको थियो । तर, अचानक अलैँचीमा रोग देखिएपछि जिल्लाका अधिकांश किसानको रोजीरोटी हरायो, धेरैको आम्दानी ठप्प भयो । विस्तारै अलैँची मासियो तर यसको भाउ भने एकाएक आकासिएर प्रतिमन रु. एक लाखसम्म पनि पुग्यो ।

आवश्यक तालिम र विज्ञको सल्लाह लिएर यहाँका किसानले अलैँचीलाई सुधार गरेर उत्पादन पुरानै अवस्थामा पुऱ्याउने प्रयास थालेका छन् । किसान शेरेडले भन्नुभयो, "पाखामा गाडेर मात्र नहुँदोरहेछ, स्याहार गर्ने र मलजल गर्न थालेपछि अलैँची सुधार भएको छ । रोप्ने तरिका र गोड्ने ढाँचा नै परिवर्तन गरेपछि अलैँचीको उत्पादनमा धेरै फरक पाइयो ।" उहाँले सिँचाइको समस्या नहुने हो भने अझ उत्पादन बढाउन सक्ने बताउनुभएको छ । अलैँची विकास केन्द्रका तत्कालीन प्रमुख पदम अधिकारीसँग चार वर्षअघि लिएको तालिमले व्यवसायिक खेती गर्न सहयोग पुऱ्याएको उहाँले बताउनुभयो । उहाँ भन्नुहुन्छ, "मेरोमा उत्पादन भएको अलैँची बाग्लुङ, पोखरा, स्याङजापट्टि पनि आपूर्ति भएको छ । मैले सधैँ बिरुवा उत्पादन गरेर अलैँची विकास केन्द्रलाई दिने गरेको थिएँ, यस वर्ष बिरुवा राख्न फुर्सद भएन, आउँदोसाल बृहत् गर्नु छ ।"

# नदी तर्न काठे पुलकै भर शुल्क तिर्नुपर्ने बाध्यता


बेदकोट (कञ्चनपुर), ११ पुस। कञ्चनपुरको लालझाडी गाउँपालिकाका बासिन्दालाई दोदा नदी तर्न काठको फड्के प्रयोगबापत शुल्क तिर्नुपर्ने बाध्य रहेको छ। सो नदी वारपार गर्न पक्की पुल नहुँदा स्थानीय काठको अस्थायी पुलबाट शुल्क तिरेर ओहोरदोहोर गर्ने गरेका छन्।

शुक्लाफाँटा नगरपालिका-११ देखतभुलीकी प्रेमा राना लालझाडी गाउँपालिका-२ स्थित सिद्धबैजनाथ माध्यमिक विद्यालयको शिक्षण गर्नुहुन्छ। दैनिक दोदा नदी तर्न काठे पुल प्रयोग गर्ने उहाँले त्यसबापत शुल्क तिर्ने गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "वर्षौंदेखि नदी तर्न काठे पुलकै प्रयोग गर्दै आएका छौँ। यो पुल पनि अब जीर्ण बन्दै गएको छ। बर्खामा ओहोरदोहोर गर्न झनै समस्या हुन्छ।"

वर्षौंदेखि काठे पुलको भरमा रहेका लालझाडीवासी बर्खामा ट्युबमार्फत जोखिमपूर्ण यात्रा गर्न बाध्य छन्। लालझाडी-५ का धोके रानाले भन्नुभयो, "पक्की पुल निर्माण गर्ने भनेको वर्षौं भइसक्यो। काम कहिले सकिन्छ ? त्यसको केही सुरसार छैन। पक्की पुल नहुँदा काठे पुलमा पैसा तिरेर नदी वारपार गर्ने गरेका छौँ।"

स्थानीयले काठे पुल प्रयोग गरेबापत साइकलको रु. १० र मोटरसाइकलको रु. २० शुल्क तिर्ने गरेका छन्। नदीमा व्यक्तिगत लगानीमा स्थानीय मङ्गलबहादुर चौधरीले काठको फड्के निर्माण गर्नुभएको छ। सालको काठबाट फलेक जोडेर बनाइएको अस्थायी पुल जीर्ण बन्दै गएको स्थानीय कृष्ण रानाले बताउनुभयो। "पुलका टेको मक्किएका छन्। दुर्घटनाको खतरा छ। हामीले कहिलेसम्म काठे पुल प्रयोग गर्ने ?", उहाँले भन्नुभयो।

बर्खामा बाढी आउने हुनाले जिल्लाको दुर्गम क्षेत्रअन्तर्गत पर्ने लालझाडीसँगको सम्पर्कविच्छेद हुने गरेको छ। बर्खामा उर्लिएर आउने दोदा नदीले यहाँका स्थानीयलाई दुःख दिने गरेको छ। "वर्षात्मा काठको पुलबाट आवतजावत गर्न सकिँदैन। बाढीले बगाउने हुनाले पुल हटाइन्छ", उहाँले भन्नुभयो, "त्यसपछि ट्युबको सहायताले जोखिम मोलेर नदी वारपार गर्नुपर्छ।" ***रासस***



**सिक्टा नहर**
राष्ट्रिय गौरवको सिक्टा सिँचाइ आयोजनाको सिक्टा नहरमा गहुँ खेतीका लागि पानी सञ्चालन गरिँदै। *तस्बिर : रुपनी जिएम/रासस*

# ६ करोडभन्दा बढीको अदुवा गाउँबाटै बिक्री

त्रिवेणी (रुकुमपश्चिम), ११ पुस। रुकुमपश्चिमको त्रिवेणी गाउँपालिकाबाट ६ करोडभन्दा बढीको अदुवा बिक्री भएको छ।

पालिकाभर दुई हजार ६ सय किसानले उत्पादन गरेको अदुवा बिक्रीबाट ६ करोड २४ लाख आम्दानी भएको त्रिवेणी गाउँपालिकाले जनाएको छ। गाउँपालिकाका कृषि शाखा प्रमुख रमेश पुनले यस वर्ष १५ लाख ६० हजार केजी अदुवा उत्पादन भएको जानकारी दिनुभयो। गाउँपालिका भित्र अदुवाखेती गर्ने दुई हजार छ सय घरधुरी रहेका र पाँच हजार दुईसय रोपनी क्षेत्रफलमा अदुवा उत्पादन हुने गरेको जनाइएको छ।

एक रोपनी जग्गामा तीन सय केजी अदुवा उत्पादन हुने गरेको उहाँले जानकारी दिनुभयो। प्रत्येक किसानले गाउँबाटै एक क्विन्टललाई रु. चार हजारका दरले बिक्री गरेका छन्। अदुवाका लागि व्यापारी गाउँमै पुगेर खरिद गर्ने गरेकाले बजारको समस्या नरहेको कृषि शाखाले जनाएको छ।

व्यावसायिकरूपमा अदुवाखेती गर्नुभएका त्रिवेणी-४ खुम्चेरीका नरे खड्काले यस वर्ष अदुवा बिक्रीबाट रु. एक लाख आम्दानी गरेको बताउनुभयो। विगत २० वर्षदेखि अदुवाखेतीमा लाग्नुभएका उहाँले निरन्तर खेती गर्दै आउनुभएको छ। यस वर्ष उत्पादन भएको साढे तीन क्विन्टल बीउका लागि र १२ क्विन्टल प्रतिक्विन्टल रु. चार हजारदेखि आठ हजारका दरले बिक्री गरेको उहाँले बताउनुभयो।

त्रिवेणी-४ खुम्चेरीका ५५ वर्षीय कृषक हरिबहादुर खड्काले यस वर्ष अदुवा राम्रो उत्पादन भएको जानकारी दिनुभयो। तीस वर्षदेखि निरन्तर कृषि पेसा गर्दै आउनुभएका उहाँले यस वर्ष अदुवा बिक्रीबाट रु. एक लाख ५० हजार आम्दानी गरेको बताउनुभो। अदुवा गाउँबाटै प्रतिक्विन्टल रु. चार हजार र बीउका लागि प्रयोग हुने अदुवा प्रतिक्विन्टल रु. आठ हजारदेखि १० हजारसम्म बिक्री भएकामा उहाँ सी हुनुहुन्छ।

"पहिले एक क्विन्टल अदुवाबाट सात क्विन्टल उत्पादन गरिन्थ्यो, उमेर पनि ढल्किँदै गयो अहिले त एक क्विन्टल अदुवाबाट तीनदेखि चार क्विन्टलसम्म उत्पादन गर्ने गरेको छु", उहाँले भन्न्नुयभो। यस वर्ष बीउका लागि १२ क्विन्टल अदुवा भण्डारण गरेर राखेको किसान खड्काले बताउनुभयो। ***रासस***

# पर्यटकको गन्तव्य बन्दै पचघैया प्राणी उद्यान केन्द्र

गण्डकी, ११ पुस। गण्डकी प्रदेश सरकारको गौरवको आयोजना पचघैया प्राणी उद्यान केन्द्रमा पर्यटकको आकर्षण बढेको छ। पोखरा महानगरपालिकाका तीन वडा समेटेर निर्माण गरी सञ्चालनमा आएको उद्यान केन्द्र सर्वसाधारणका लागि खुला गरिएसँगै सो क्षेत्र पर्यटकीय रोजाइमा परेको हो।

लेखनाथ क्षेत्रका पचभैया, चैनपुर र चापापानी चिसाकुना सामुदायिक वनलाई समेटेर निर्माण गरिएको केन्द्रमा विभिन्न २३ प्रजातिका पशु तथा चराचुरुङ्गीको प्रदर्शन गरिको छ। सो उद्यान केन्द्रको एक वर्षको अवधिमा सात हजारभन्दा बढी पर्यटकले अध्ययन अवलोकन गरेका उद्यान व्यवस्थापन समितिका अध्यक्ष दीननाथ ढकालले जानकारी दिनुभयो।

उद्यान केन्द्रमा चितुवा, नीलगाई, रतुवा मृग, चित्तल, चरीबाग, वन बिरालो, स्याल, अजिङ्गर, सेता गिद्ध, लाटोकोसेरो, मयुर, कछुवा, बाँदर, खरायोलगायत २३ प्रजातिका वन्यजन्तु तथा पक्षी अवलोकन गर्न पाउनेछन्। बृहत् पोखराको अवधारणाअनुसार स्थापना गरी सञ्चालनमा आएको उक्त केन्द्रले २०७९ साल पुसदेखि खुला गरिएको केन्द्रले टिकट बिक्रीबाट रु. एक लाख ८४ हजार एक सय ९० आम्दानी गरेको उहाँले बताउनुभयो।

अवलोकन गर्नेमा विद्यार्थीको सङ्ख्या बढी छ। प्रदेश सरकारको व्यवस्थापनमा डिभिजन वन कार्यालय कास्कीले हेर्नेगरी स्थानीयवासी, वन उपभोक्ता समिति र युनाइटेड क्लबका प्रतिनिधिसहितको सहभागितामा १५ सदस्यीय व्यवस्थापन समिति गठन गरिएको उहाँको भनाइ छ।

अध्यक्ष ढकालले भन्नुभयो, "चिडियाखानाका रूपमा विकास गर्नका लागि यसको निरन्तरता र व्यवस्थित गर्न गुरुयोजना निर्माण गर्नु अपरिहार्य छ। त्यसका लागि तीनै तहका सरकारको विशेष ध्यान पुग्नु पर्दछ।" गण्डकी प्रदेश सरकारले यस आ.व.का लागि कुल रु. ८२ लाख बजेट विनियोजन गरेको जनाउँदै उहाँले यो रकमबाट रु. ४० लाख वन्यजन्तु र पक्षीको आहारा र अन्य व्यवस्थापनामा खर्च हुने र रु. ४२ लाख खोर मर्मत तथा आवश्यक भौतिक निर्माणमा लगानी गरिने बताउनुभयो।

उद्यान केन्द्रमा प्रदेश सरकार, डिभिजन वन कार्यालय, लेखनाथ नगरपालिका र युनाइटेड क्लबको गरी लगभग रु. पाँच करोड लगानी भइसकेको छ। डिभिजन वन कार्यालयद्वारा केन्द्रमा एक जना व्यवस्थापक र तीन सहयोगी कर्मचारीको व्यवस्थापन गरेको छ। पचघैया सामुदायिक वन उपभोक्ता समूहका कोषाध्यक्ष एवं व्यवस्थापन समितिका सदस्य वृद्धिबहादुर गुरुङका अनुसार स्वदेशी तथा विदेशी पर्यटकले अवलोकन गरेपछि सुझाव र सल्लाहका साथै आगन्तुक पुस्तिकामा आफ्नो अनुभव लेख्ने व्यवस्था गरिएको छ।

चिडियाखानाको व्यवस्थापन र प्रचार प्रसारमा जोड दिनुपर्ने आगन्तुकको सामूहिक सुझाव छ। वन्यजन्तु अवलोकनसँगै यस क्षेत्रका विभिन्न धार्मिक एवं सांस्कृतिकस्थल संरक्षण र प्रवर्द्धन तथा थप पर्यटकीय गन्तव्यको विकासमा जोड दिइएको उहाँको भनाइ छ।

खुला चिडियाखानासँगै यस क्षेत्रका ऐतिहासिक एवं धार्मिक महत्त्वका सीता गुफा, बज्रमुष्ठी मन्दिर, नागाबाबाको तपस्थलीलगायतका यहाँ धार्मिक क्षेत्रको प्रचार-प्रसार गरी धार्मिक पर्यटनको विकास गर्ने लक्ष्य रहेको गुरुङले भन्नुभयो। पोखरा-३१ सिमलटुडा र रूपा गाउँपालिका भङगारा जोड्ने रूपातालमाथि निर्मित झोलुङ्गे पुल पछिल्लो समय पर्यटकको रोजाइमा पर्ने गरेको छ।

पोखराका तालमध्येको तेस्रो ठूलो ताल रूपाको समिपमा पर्ने यस उद्यान केन्द्र रहेको छ। जुन क्षेत्र हावापानी, चरनका लागि उपयुक्त भएको कारण नै परापूर्वकालदेखि साइवेरियाबाट चरा आउने र सन्तान उत्पादन गरेरसँगै लिएर फर्कने प्रक्रिया अहिले पनि निरन्तर चलेको छ। रूपातालमा २४ प्रजातिका माछाका साथै विभिन्न ३६ प्रजातिका चरा पाइने विभिन्न क्षेत्रका विज्ञले तयार पारेको तथ्याङ्कका उल्लेख रहेको समूहका कोषाध्यक्ष गुरुङले भन्नुभयो।

युनाइटेड क्लबले प्रत्येक वर्ष गर्दै आएको पोखरा महोत्सवको आम्दानीको २० प्रतिशत रकम यही चिडियाखाना निर्माणका लागि छुट्याउँदै आएको १२ औँ संस्करणको पोखरा महोत्सवका बारेमा जानकारी दिन आयोजित पत्रकार सम्मेलमा अध्यक्ष राजु श्रेष्ठले बताउनुभयो। क्लबले चिडियाखाना निर्माणका लागि हालसम्म रु. ५८ लाख ८५ हजार हस्तान्तरण गरेको उहाँले बताउनुभयो।

बेगनासताल र रूपातालको बिच भागस्थित पोखरा महानगरपालिकाको वडा नं ३०, ३१ र ३२ पचघैया ९०, चैनपुरको ३४ र चापापानी चिसाकुना सामुदायिक वनको १४ गरी कुल एक सय ३८ हेक्टर क्षेत्रफलमा फैलिएको उक्त उद्यान केन्द्र पोखराको मुख्य बजारबाट २५ किलोमिटरको दूरीमा रहेको छ। ***रासस***

# साकेला उँधौली : रूपाकोटमा भूमिको पूजा गर्दै साकेला नाचियो

खोटाङ, ११ पुस। किरात समुदायको दोस्रो ठूलो चाड 'साकेला उँधौली' मङ्गलबारदेखि सुरु भएको छ। माझकिरात भनेर चिनिने खोटाङका किरात समुदायले मङ्सिरे पूर्णिमादेखि १५ दिनसम्म उँधौली र वैशाखे पूर्णिमादेखि महिना दिनसम्म साकेला उँभौली चाड मनाउने गर्दछन्।

पन्ध्र दिनसम्म मनाइने उँधौली साकेलाको अवसरमा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-११ खार्मीका किरात समुदाय ऐतिहासिकस्थल रूपाकोटगढीमा भेला भएर किराती पुर्खा/धामीले प्रकृतिको पूजा आराधना गरी उँधौली चाडको सुरुआत गरेका छन्। साकेला उँधौलीको अवसरमा आपसमा शुभकामना आदानप्रदानसमेत गरिएको दुमकिम खार्मीका उपाध्यक्ष दिलकुमार राईले जानकारी दिनुभयो।

रूपाकोटगढीमा किराती पुर्खा खारम्बु राजाले शासन गरेको इतिहास छ। उँभौलीमा आ-आफ्नो थुम (टोल) मा रहेको साकेला थानमा भेला भएर भूमिको पूजा गर्दै साकेला चाड मनाउने खार्मीका किरात समुदायले उँधौलीमा भने एकै ठाउँ (रूपाकोटगढी) मा भेला भएर सामूहिकरूपमा भूमिको पूजा गर्दै मनाउने गरेका छन्।

वर्षको दुईपटक मनाइने साकेला चाडको उँधौलीमा अन्नबालीको सह बसोस्, अनिकाल नलागोस् भन्ने कामनाका साथ प्रकृतिको पूजा गर्ने चलन छ। कुखुराको भाले, चोखो जाँड, रक्सी, अदुवा, पहेँलो रङको चामललगायतका सामग्री प्रयोग गरेर प्रकृतिको पूजा गर्ने प्रचलन रहेको जनाइएको छ।

साकेला उँधौलीको अवसर पारेर जिल्लाका ऐतिहासिक तथा पर्यटकीयस्थल हलेसी तुवाचुङ नगरपालिकाको तुवाचुङ-जायाजुङ, दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको रूपाकोटगढी, मझुवागढी र मेरुङ, जन्तेढुङ्गाको गाउँपालिकाको जन्तेढुङ्गा र छोङ्खा, खोटेहाङ गाउँपालिकाको कपासेभञ्ज्याङलगायत साकेला थानमा साकेला सिली नाच्ने चलन छ।

# चिउरी र चमेरो संरक्षण गर्दै वाग्मती प्रदेश

भरतपुर (चितवन), ११ पुस। चेपाङ समुदायको उत्थानका लागि वाग्मती प्रदेश सरकारले चिउरी र चमेरो संरक्षण गर्ने भएको छ। यसका लागि सामाजिक विकास मन्त्रालयले कार्यविधि तयार गर्न लागेको छ। प्रदेश सरकारले चितवन, मकवानपुर र धादिङका ६ पालिकामा यो कार्यक्रम लागू गर्ने तयारी गरेको छ।

चेपाङ समुदायको बसोबास रहेको चितवनको राप्ती र कालिका नगरपालिका, चितवनको इच्छाकामना, मकवानपुरको राक्सिराङ तथा धादिङको गजुरी र बेनिघाट रोराङ गाउँपालिकामा कार्यक्रम लागू गर्न लागिएको सामाजिक विकास मन्त्रालयको सामाजिक विकास महाशाखा प्रमुख गोपालप्रसाद कँडेलले जानकारी दिनुभयो। उहाँका अनुसार मन्त्रालयले कार्यविधि निर्माण गरेर अर्थ मन्त्रालयमा पठाएको छ। मन्त्रिपरिषद्बाट कार्यविधि पारित भएपछि कार्यान्वयनका लागि स्थानीय तहमा बजेट पठाइने उहाँले बताउनुभयो।

प्रदेश सरकारले यस वर्ष चिउरी र चमेरो संरक्षणका लागि रु. ५० लाख बजेट विनियोजन गरेको छ। यो कार्यक्रम आर्थिक तथा सामाजिकरूपमा विपन्न तथा पिछडिएका सीमान्तकृत चेपाङ समुदायको जीविकोपार्जनका साथै आर्थिक तथा सामाजिक क्षेत्रमा जीवनस्तर सुधार गर्नका लागि महत्त्वपूर्ण हुने उहाँले बताउनुभयो। कार्यक्रमले चेपाङ समुदायको आर्थिक तथा सामाजिक क्षेत्रमा सशक्तीकरण गर्नुका साथै परम्परादेखि जोडिएको चेपाङ चिउरी र चमेरोबिचको पारिस्थितिक प्रणाली सुदृढ पार्न सहयोग पुऱ्याउने विश्वास लिइएको छ।

कार्यक्रम स्थानीय तहको २० प्रतिशत साझेदारीमा लागू गरिने सामाजिक विकासमन्त्री कुमारी मोक्तानले बताउनुभयो। चिउरीको नर्सरी स्थापना, वृक्षरोपण, सचेतनामूलक कार्यक्रम, मौरीपालन व्यवसायको प्रवर्द्धन, चिउरीको मह र दानाको बजारीकरण यस कार्यक्रममार्फत हुने उहाँको भनाइ छ। चेपाङ समुदायलाई कार्यक्रममार्फत दिगो अर्थोपार्जनको स्रोतको व्यवस्था गरिने उहाँले बताउनुभयो। उहाँले कार्यक्रम कार्यान्वयनका लागि चार चरणमा छलफल भएको भन्दै सबैको सुझाव र सल्लाहका आधारमा कार्यान्वयनमा लैजाने बताउनुभयो।

वाग्मती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले चेपाङ समुदायको संरक्षणसँगै चिउरी र चमेराको समेत संरक्षण गरिने बताउनुभयो। प्रदेश सरकारले ल्याएको यो कार्यक्रम नमूना कार्यक्रम भएकाले सबै पालिकासँग समन्वय गरेर काम गरिने उहाँले बताउनुभयो। "राज्यले सबै जातजाति, कला र संस्कृतिको संरक्षण गर्ने भनेको छ चेपाङ समुदाय त यसै पनि पछाडि परेकाले हाम्रो विशेष प्राथमिकता हुनुपर्छ," उहाँले भन्नुभयो। स्थानीय सरकार र समुदायको सहभागिताबिना कार्यक्रम सफल नबन्ने भन्दै उहाँले लक्षित क्षेत्रका बासिन्दालाई लाभ हुने गरी योजना निर्माण गरिने बताउनुभयो।

इच्छाकामना गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङले प्रदेश सरकारले लागू गर्न खोजेको कार्यक्रम महत्त्वपूर्ण भएको बताउनुभयो। उहाँले चेपाङ समुदायको संस्कार, संस्कृति र आयआर्जनसँग जोडेर यो कार्यक्रम लागू गरिनुपर्ने बताउनुभयो। ***रासस***

। सम्पादकीय ।

# विकास र प्रजातन्त्रबारे

केही प्रचार माध्यमहरूले भौतिक विकास र राजनैतिक व्यवस्थालाई जोडेर बयान गर्दै छन् तथा प्रजातन्त्रबारे धेरै भ्रम फैलाउँदै छन् । उपनिवेशकालमा सबै उपनिवेशहरू (साम्राज्यवादी देशहरू अर्थात् युरोपेली देशहरू) मा संयुक्त राज्य अमेरिकाका पाठ्यपुस्तकहरू पढाएर सबै विकासशील देशहरूका बुद्धिजीवीहरूलाई औपनिवेशिक र पुँजीवादी विचारबाट प्रभावित पारेका छन् । कङ्गोमा १९६० को दशकमा निर्वाचित प्रधानमन्त्री पेट्रिस लुमुम्बा र उनका साथीहरूको हत्या गर्दै प्रजातन्त्रको नाममा पश्चिमाहरूले कङ्गोमा लामो समयसम्म सैनिक शासन चलाए ।

आफू मर्नुभन्दा पहिला लुमुम्बाले पत्नीलाई लेखेको पत्रमा उल्लेख गरेको थियो, "अफ्रिकाको इतिहास अफ्रिकीहरूले नै लेख्नुपर्छ, त्यो इतिहास युरोपका राजधानीहरूमा पढाइने इतिहासभन्दा फरक हुनेछ ।"

त्यस्तै प्रजातन्त्रको परिभाषा र व्यवहारमा प्रयोग गर्दा उल्टो भएको आज संसारका जनताले अनुभव गर्दै छन् । यसकारण, नेपाली प्रचारयन्त्र र नेपाली बुद्धिजीवीहरूले पश्चिमी प्रचार र साहित्यलाई आलोचनात्मक दृष्टिले हेर्नु आवश्यक छ ।

अमेरिकी संविधानको सुरुमा अमेरिकामा रगत पसिना बगाउने अफ्रिकी दास र महिलाहरूलाई मत दिने अधिकारसमेत थिएन । आज पनि संयुक्त राज्य अमेरिकामा नागरिकताविहीन जनता लाखौँ छन् र आर्थिक असमानता र जातीय भेदभाव व्यापक छ । मतदानमा मुस्किलले एकतिहाइ नागरिकहरूले मात्र मतदानमा भाग लिन्छन् । निर्वाचनमा पनि अर्बपति र खर्बपति पुँजीवादी दलका उम्मेदवारहरूमात्रै विजयी हुन्छन्; १०-२० प्रतिशत नागरिकहरूको मतले तिनीहरू विजयी घोषणा हुन्छन् । 'कम्युनिस्ट पार्टी' लाई संयुक्त राज्य अमेरिकामा प्रतिबन्ध छ । त्यहाँका मुख्य दलहरू 'गणतान्त्रिक' र 'प्रजातान्त्रिक' पार्टी हुन् । तिनीहरूमात्रै बरोबर सत्तामा पुग्छन् र स-साना मतभेदबारे कुनै देशमाथि आक्रमण गर्नुपर्दा र विदेशी राष्ट्रपति वा प्रधानमन्त्रीहरूलाई हत्या गर्दा ती दुवै पार्टीको एकमत हुन्छ । जुनसुकै दलको सरकार आए पनि परराष्ट्र नीति र घरेलु नीतिमा मौलिक कुनै परिवर्तन हुने गर्दैन । यसकारण, अमेरिकी प्रजातन्त्र र दलीय व्यवस्था 'सिक्काका दुई पाटा' जस्तो मात्रै छ ।

नेपाली बुद्धिजीवीहरूले प्रजातन्त्रको दोस्रो केन्द्र मानिने कुनै बेला 'सूर्य नअस्ताउने देश' बेलायत अर्थात् पृथ्वीको चारैतिर आक्रमण हत्या, हिंसा, क्रिश्चियन धर्म र जालसाजीबाट आज जसरी इजरायलले गाजापट्टीमा आक्रमण गऱ्यो त्यस्तै आक्रमण हवाईजहाज र रकेटबाट होइन बरु पानीजहाज र बन्दुकले आक्रमण गरेर उपनिवेशहरू बनाएको थियो । उपनिवेशहरूबाट प्राकृतिक स्रोत दोहन गर्दै र त्यहाँका जनतालाई समेत ज्यामीको रूपमा लगी दासको रूपमा बेचेको थियो । बेलायती प्रजातन्त्र त्यस्तै हत्या र हिंसाबाट उठेको र समृद्धि प्राप्त देशमा रुढीवादी र उदारवादी दलहरू नै पालैपालो शासन गर्छन् । कहिलेकाहीँ ल्याबोर पार्टी (मजदुर पार्टी) पनि सरकारमा जान्छन् । नेपालमा एमाले, एमाओवादी, थरीथरीका समाजवादीहरूले जनतालाई दमन र शोषण गरिरहेको छ । त्यस्तै नेकाले जनतालाई दमन र शोषण गर्दै भारतीय एकाधिकार पुँजीलाई पूजा गरिरहेको छ । एमाओवादी, अनेक समाजवादी र जनमोर्चा पनि सरकारमा सहभागी भइ काङ्ग्रेसकै पदचिह्नमा 'ताची' गर्दै छन् ।

भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का र अन्य दक्षिण एसियाली देशका सरकारहरू पनि पुँजीवादी नै हुनाले तिनीहरू पुँजीपतिवर्गको सेवा गर्न र भारत-संयुक्त राज्य अमेरिकी एकाधिकार पुँजीको आदेश मान्छन् ।

भौतिक विकास र व्यापक जनतालाई काम-माम-कपडा र छानासमेत निःशुल्क शिक्षा र उपचारको बन्दोबस्त छ भने त्यो देशले विकास गरेको ठहर्छ । भारतका करोडौँ जनता आधा पेट खान विवश छन् भने त्यहाँको प्रजातन्त्र के काम लाग्यो ? शासन राम्रो हुन देशमा काम-माम-कपडा र छानाको बन्दोबस्तको साथै बहुमत कामदारको हक र हितको सुनिश्चितता हुनुपर्छ, जहाँ सरकारमा देशभक्त दलहरूलाई समेत समेटेको हुन्छ । जहाँ उत्पादनको साधन र सेवा निजी नभई सबै समाज र सरकारको हुन्छ त्यही देशको प्रजातन्त्र तुलनात्मकरूपले बेहत्तर हुन्छ । अत्यन्त बहुमत जनतालाई धोखामा राखेर गरेको समृद्धि र सम्पन्नता साँचो 'प्रजातन्त्र' र 'विकास' मान्न सकिन्न ।

सन्दर्भ

- *सीआरआई*

# विश्वव्यापी आर्थिक तथा व्यापारिक सङ्घर्ष बढ्ने प्रवृत्ति

चाइना काउन्सिल फर द प्रोमोसन अफ इन्टरनेसनल ट्रेडले डिसेम्बर २७ का दिन अक्टोबर महिनाको विश्वको आर्थिक तथा व्यापारिक सङ्घर्ष सूचकाङ्क प्रकाशित गरेको छ । तथ्याङ्कले विश्वव्यापी आर्थिक तथा व्यापारिक सङ्घर्ष बढ्ने प्रवृति देखाएको छ ।

संयुक्त सूचकाङ्कबाट हेर्दा अक्टोबरमा विश्वको आर्थिक तथा व्यापारिक सङ्घर्ष सूचकाङ्क ३०५ भएर गत वर्षको सोही अवधिको तुलनामा ४४ अङ्क वृद्धि हुनुका साथै सेप्टेम्बरको तुलनामा १२४ बढेको छ । विश्वको आर्थिक तथा व्यापारिक सङ्घर्षसम्बन्धी रकम गत वर्षको सोही अवधिभन्दा २९ प्रतिशतले बढ्नुका साथै सेप्टेम्बरभन्दा ४३.६ प्रतिशत बढेको छ ।

मुलुकलाई हेर्दा आर्थिक तथा व्यापारिक सङ्घर्ष सूचकाङ्कमा मेक्सिको, संरा अमेरिका र टर्की पहिलो तीन स्थानमा परेका छन् । आर्थिक तथा व्यापारिक सङ्घर्षसम्बन्धी रकममा संरा अमेरिका, यूरोपेली सङ्घ र दक्षिण कोरिया पहिलो तीन स्थानमा छन् ।

आर्थिक तथा व्यापारिक सङ्घर्षका मुख्य व्यवसायहरूमा इलेक्ट्रोनिक्स, मेकानिकल उपकरण, यातायात उपकरण, चिकित्सा तथा औषधि, प्रकाश उद्योग तथा रासायनिक उद्योग छन् ।

# ग्यास, गाजा र पश्चिमा साम्राज्यवाद

✍ **तारा अलामी**

गाजामाथिको इजरायलको चालु आक्रमणलाई दुई कुनियतबाट अलग्याउन सकिन्न । एक, प्राकृतिक स्रोतसाधनको चोरी । दुई, प्यालेस्टिनभरि जीवनलाई सघाउने पूर्वाधारहरूको नियोजित विनाश । गाजामाथि आक्रमण सुरु भएको १० दिन मात्र पुगेको थियो । विश्व स्वास्थ्य सङ्गठनले गाजामा '२४ घण्टा मात्र धान्न सक्ने पानी, बिजुली र इन्धन बाँकी छ' भनी घोषणा गऱ्यो । अक्टोबर २४ सम्ममा इजरायली बमबारीले क्रूर रूप लिइसकेको थियो । त्यो दिन गाजाको स्वास्थ्य मन्त्रालयले इन्धन अभावका कारण ४८ घण्टाभित्र धेरै अस्पतालहरू बन्द हुने जनाउ दियो । बेत लाहिया सहरको चर्चित इन्डोनेसियाली अस्पताल पनि बन्द हुने अस्पतालहरूको सूचीमा थियो । नोभेम्बर २० मा संरा अमेरिकाले गाजापट्टीको समुद्री क्षेत्रमा ग्यास खानीबारे अध्ययन गरिरहेको र त्यसलाई 'आर्थिक पुनर्जीवन योजना' को हिस्सा मानेको खबर आयो । अमेरिकी आडमा गाजामा यहुदीवादी सत्ताले आक्रमण गर्नुको भित्री कारण ग्यास खानी कब्जा गर्नु हो भनी केही पर्यवेक्षकहरूको बुझाइ रह्यो । तर,



हामीले गाजामा जातीय सफाया चलाउन नै यो युद्ध भड्काइएको हो र यो जातीय सफाया यहुदीवादी बस्ती-उपनिवेशवाद तथा साम्राज्यवादको योजनाअनुसार चलिरहेको छ भनी बुझ्नुपर्छ ।

**गाजा म्यारिन ग्यास खानी**

यहुदीवादी इजरायलले बस्ती-उपनिवेशवाद हुँदै एकल जातीय राज्य निर्माण गर्ने दीर्घकालीन लक्ष्य बोकेको छ । सँगै इजरायलले मध्यपूर्व क्षेत्रमा पश्चिमा साम्राज्यवादको प्रतिनिधि देशको रूपमा आफूलाई उभ्याउँदै आएको छ । अरूबाट चोरेको ग्यास युरोपेली सङ्घका देशहरूमा निर्यात गर्नमा यसले महत्त्वपूर्ण भूमिका खेलेको छ । साथै ग्यास सम्झौता गरी जोर्डन, इजिप्ट, संयुक्त अरब इमिरेट्सजस्ता छिमेकी देशहरूलाई थामथुम पारेर पनि यसले युरोपलाई सघाउँदै आएको छ ।

२५ वर्षअघि ब्रिटिश ग्यास ग्रुप (बिजिजी) ले गाजाको समुद्री तटमा प्राकृतिक ग्यासको खानी पत्ता लगाएको थियो । त्यो खानी इजरायलले कब्जा गरेको लेभाइथन ग्यास खानी र इजिप्टको जोहर ग्यास खानीबिच पर्थ्यो । यी खानीहरूलाई गाजा म्यारिन १ र गाजा म्यारिन २ नाम दिइयो । इजरायल र उसको अमेरिकी प्रायोजकको आँखा त्यसमा तानियो । तिनीहरूले भूमध्यसागरमा रहेको प्यालेस्टिनी प्राकृतिक सम्पदाबाट अकुत लाभ उठाउने सोच बनाएका छन् ।

गाजाको अधिकांश ऊर्जा र पानीमा इजरायली नियन्त्रण छ । गाजापट्टीभित्र स्वतन्त्ररूपमा ऊर्जा उत्पादन गर्ने भौतिक पूर्वाधार निर्माण गर्ने र त्यसको रक्षा गर्ने योजनामा प्यालेस्टिनी प्राधिकरण र यहुदीवादी इजरायलले हलो अड्काउँदै आएका छन् । इजरायल र केही हदसम्म प्यालेस्टिनी प्राधिकरणले दुवैले गाजाको समुद्री तटबाट चोरिएको ग्यास र प्रशोधित पानीबाट लाभ लिँदै आएका छन् । यति नै बेला यता गाजावासीहरूले चर्को ऊर्जा सङ्कट झेल्दै छन् । अक्टोबर ७ भन्दा केही महिनाअघि मात्र नेतन्याहुले प्यालेस्टिनी प्राधिकरण र इजिप्टसँगको सहकार्यमा माथि भनिएका ग्यास खानीहरू विकास गर्ने घोषणा गरेका थिए । अहिले २० हजारभन्दा बढी प्यालेस्टिनीहरू बमबारीमा परेर मारिएका छन् । ८ हजार मानिस भग्नावशेषमा पुरिएको खबर छ । सयौँ प्यालेस्टिनीहरूलाई अपहरण गरेर चरम यातना दिइएको छ । दसौँ हजार घाइते छन् । यहुदीवादी इजरायलले यो जीवनदायी पूर्वाधार निस्तेज पार्न नियोजित ऊर्जा सङ्कट चर्काइरहेको बेला शेभरोन कम्पनीले तामार र लेभाइथन खानीबाट ग्यास निकाल्न सुरु गऱ्यो । यो ग्यास कम्पनीले इजिप्ट र इजरायली बस्तीहरूमा आपूर्ति गर्छ ।

**क्षेत्रीय दबदबा**

प्यालेस्टिन, लेबनान र इजिप्टको समुद्री तटबाट ग्यास निकाल्नमा यहुदीवादी इजरायलको निश्चित स्वार्थ छ । उसको स्वार्थ बुझ्नका लागि इजरायली कब्जाको साम्राज्यवादी उद्देश्यहरू केलाउन अनिवार्य छ । ती उद्देश्यहरू सन् १९९० को दशकमा ओस्लो सम्झौतामार्फत ठोस बनेका थिए । पेरिस समझदारी यस्तै अर्को सम्झौता थियो ।

बस्ती विस्तारलाई बढावा दिनु, इजरायललाई सैन्यकरण गर्नु र प्यालेस्टिनी मुक्ति सङ्गठनको भुइँतहको वैधानिकतालाई नामेट पार्न ती सम्झौताहरूले प्रभावकारी ढङ्गले प्यालेस्टिनीहरूलाई यहुदीवादी इजरायलको पूर्ण आर्थिक आधीनतामा राखे । सम्झौताले अतिक्रमित पश्चिम किनारालाई औपनिवेशिक नक्साङ्कन पछ्याउँदै मनपरीरूपमा विभाजित गरे । जीवनदायी प्राकृतित्र संसाधनमाथि प्यालेस्टिनीहरूको भौतिक पहुँचलाई सीमित गरे । सबभन्दा महत्त्वपूर्ण कुरा प्यालेस्टिनको दलाल सत्तालाई गाजा र इजिप्टको समुद्री तटनजिक रहेका प्यालेस्टिनी ग्यास खानीहरूमा पहुँच 'प्रदान गरियो' । त्यो चोरीबाट प्राप्त ग्यासलाई विदेश निर्यात गरियो ।

ओस्लो सम्झौता भएको तीस वर्षपछि प्यालेस्टिनीहरू नियोजित अविकासको अवस्थामै रहनुपरेको छ । आर्थिक स्थायित्व हासिल गर्ने उसका सबै बाटो बन्द गरिएको छ । यसमा इजरायललाई प्यालेस्टिनी प्राधिकरण र उसका आसेपासेहरूले सघाएका छन् । इजरायलको कब्जाकारी सेनाले गर्ने बारम्बारको हमला, कब्जा र औपनिवेशिक हिंसाले प्यालेस्टिनको आर्थिक सम्भावना झन्झन् आकाशको फल बन्ने गरेको छ ।

गाजाको हकमा यो कुरा खुला किताबजस्तो छ । सन् २००७ मा प्यालेस्टिनीहरूले निर्वाचनमा हमासलाई जिताए । तर त्योभन्दा अगाडि नै तत्कालीन इजरायली प्रम यहुद ओल्मर्ट र प्यालेस्टिनी प्राधिकरणबिच 'शान्ति' सम्झौता भएको थियो । सो सम्झौताअनुसार सन् २००९ पछि प्यालेस्टिनी प्राधिकरणले वार्षिक ४ अर्ब डलरको ग्यास खरिद गर्ने थियो । तर, सन् २००७ मा हमास सत्तासीन भएपछि उसले प्रभावकारी प्रतिकार गऱ्यो । त्यसले गर्दा गाजाविरुद्ध थल, जल र हवाई नाकाबन्दी लगाइयो । इजरायलको यहुदीवादी सत्ताले भित्रभित्रै गाजामाथि कब्जा गर्ने योजना बुन्यो र सन् २००८ मा हमला पनि गऱ्यो । तर, योजना बुन्दै गर्दा उसले ब्रिटिश ग्यास ग्रुपसँग १५ वर्षे सम्झौता गर्ने प्रयास पनि गरिरह्यो ।

सन् २००५ मा इजिप्टले इजरायलसँग ग्यास सम्झौतामा हस्ताक्षर गऱ्यो । लगत्तै सन् २००९ मा तामार ग्यास खानी पनि पत्ता लाग्यो । उक्त सम्झौताका कारण गाजाको समुद्री तटको ग्यास निकाल्ने र निर्यात गर्ने काममा हतारो गर्नुपरेन । तर आज हामी देख्दै छौँ, गाजा म्यारिन खानीहरू दोहन गर्ने योजनाहरू खारेज भएका रहेनछन् । गाजाविरुद्ध मध्ययुगीन अत्याचार जारी राख्दै ती योजना अघि बढाइएको रहेछ । साथै यी योजनाहरू गाजा तटसम्म मात्र सीमित रहेनछन् ।

सन् २०१० यता इजरायलसँग लेबनानको तटीय सीमालाई लिएर खटपट चल्दै थियो । संरा अमेरिकाको मध्यस्थमा २०२२ अक्टोबरमा यी दुई देशबिच अन्ततः ऐतिहासिक तटीय सम्झौता भएको छ । सो सम्झौताले ग्यास खानीको उत्खननमा अमेरिकालाई स्थायी पर्यवेक्षक, निरीक्षक तथा मध्यस्थकर्ता तोकेको छ । साथमा 'हालसम्म पत्ता लागेका र पछि पत्ता लाग्ने सम्पूर्ण' सम्पदासम्बन्धी जानकारी अमेरिकासँग साझा गर्ने प्रावधान पनि छ । यसबाहेक सम्झौतामा 'विश्वासिलो अन्तर्राष्ट्रिय कर्पोरेसन' लाई मात्र ठेक्का दिने र त्यसलाई अमेरिकाले मान्यता दिनुपर्ने तथा ग्यास उत्खनन कार्यको सुपरिवेक्षण गर्नुपर्ने उल्लेख छ । कुरा यत्तिमै सकिन्न । विवादित क्षेत्रमा रहेका झन्डै एकतिहाइ खानीमा लेबनानले नियन्त्रण त्याग्नुपर्ने छ । चर्किंदो जर्जर आर्थिक अवस्थाका कारण लेबनानले यो छुट दिइएको वा अमेरिकी मध्यस्थताका लागि भाग शान्तिका लागि यसो गरिएको बुझ्न सकिन्छ ।

त्यसैगरी सन् २०१६ मा जोर्डनको 'राष्ट्रिय विद्युत् शक्ति' कम्पनीले इजरायल तथा देलेक ड्रिलिङ, रेसियो एवम् नोबेल एनर्जीजस्ता ऊर्जा कम्पनीहरूसँग १५ वर्षे सम्बन्ध सामान्यीकरण सम्झौता गऱ्यो । यो सम्झौता निकै विवादास्पद बन्यो । २०१९ डिसेम्बरमा इजरायलले लेभाइथन खानीबाट चोरीको ग्यास जोर्डन निर्यात गर्न थाल्यो । सन् २०२२ मा जोर्डनका राजा अब्दुल्लाह दोस्रोले इजिप्टमा सम्पन्न कोप-२७ शिखर सम्मेलनमा इसाक हर्जोगलाई भेटे । भेटमा दुवैले एउटा समझदारीमा हस्ताक्षर गरे । इजरायलले भूमध्य सागरबाट चोरी गर्ने पानीलाई जोर्डनको सौर्य ऊर्जासँग साटिने भयो ।

**चुनौतीपूर्ण साम्राज्यवाद**

प्यालेस्टिनवरिपरि रहेका ग्यास खानीमा यहुदीवादी इजरायलको चासो लेनिनको परिभाषासँग मेल खाने साम्राज्यवादको सटिक उदाहरण हो । यहाँनिर अमेरिकी र बेलायती ऊर्जा कम्पनीहरूको एकाधिकार वा उत्पादनको केन्द्रीकरण तथा पुँजी निर्यात दुवै परिघटना देख्न सकिन्छ ।

युक्रेन मानेटोको छद्मयुद्ध र नर्डष्ट्रीम पाइपलाइन विष्फोटले गर्दा उत्पन्न भएको विश्वव्यापी ऊर्जा सङ्कट 'समाधान' गर्ने बेलायत, संरा अमेरिका, युरोपेली युनियन र यहुदीवादी इजरायलको गफ राम्रै धुवाँको पर्दा साबित भयो । यही बहानामा उनीहरूले प्यालेस्टिनीहरूको स्रोतसाधनको चोरी लुकाइरहे । यिनीहरूले लेभाइथन ग्यास खानीबाट चोरी गरेको ग्यास युरोपेली ऊर्जा बजारमा निर्यात गर्ने कार्यलाई मूर्त रूप दिन लामो समयदेखि चासो दिँदै आएका छन् । जोर्डन, इजिप्ट र अहिले लेबनानसँग सम्झौता गर्नुबाहेक यो विषयमा उनीहरूको विशेष चासो छ । तसर्थ यहुदीवादी इजरायलको समुद्री मार्गमा यमनीहरूको रणनीतिक आक्रमण उनीहरूका लागि वास्तविक खतरा हुनेछ । गाजामाथिको आक्रमणबाट हुने लाभभन्दा उताको घाटा बढी हुने देखे बहुराष्ट्रिय कम्पनीहरूले इजरायली सेनालाई दिँदै आएको ऊर्जा र हतियारको सामुद्रिक आपूर्ति रोकिने सम्भावना छ । किनभने, समुद्री मार्गमा अवरोध आए विश्वव्यापी व्यापारिक अर्थतन्त्रमा क्षति पुग्नेछ ।

प्यालेस्टिन र अरबका अन्य ग्यास खानीहरूको चोरी गर्ने बेला यहुदीवादी इजरायलले सधैँ आफ्नो औपनिवेशक सीमावरपर 'शान्ति' र 'सुरक्षा' कायम गर्नु आफ्नो परम प्रयास भएकोमा जोड दिँदै आएको छ । इजरायल र उसका प्रायोजकहरूको लागि प्राकृतिक सम्पदा र सम्भावित नाफाको चोरी नै गाजाको तट कब्जा गर्नुमा उनीहरूको मूल उद्देश्य हो । यो चोरीमा उनीहरूसँग शेभरोन र टोटाल कम्पनीको पनि साँठगाँठ छ । तर, सबैभन्दा ठुलो कारण यहुदीवादी बसोबासी-उपनिवेशवाद र साम्राज्यवादको सेवा गर्ने उसको चरित्र नै हो । यसकै कारण जातीय सफाया, जमिनको चोरी, रैथानेहरूको उठिबास र प्यालेस्टिनी जनताको संरचनात्मक आर्थिक शोषण जारी छ । तसर्थ वास्तविक मुक्तिको निम्ति यहुदीवादी योजनाका सबै हाँगाबिँगा काट्नुपर्ने हुन्छ । उसको औपनिवेशिक सीमा, सैनिक चौकीहरू तथा नाकाबन्दी र प्यालेस्टिनी पानीमा उसको परजीवी शोषण सबै अन्त्य गर्नुपर्छ ।

*(तारा अलामी प्यालेस्टिनी लेखिका हुन् । उनको मूल घर अतिक्रमित जेरुसेलममा छ । अहिले उनी क्यानडाको मोन्ट्रियल सहरमा बस्दै आएकी छिन् ।)*

**स्रोत : एमआर अनलाइन**

**अनुवाद : सम्यक**

सन्दर्भ : माओ त्सेतुङ जन्म दिवस

# माओको व्यक्तित्वका आयामहरू

✍ राकस्था



**विनयशील माओ त्सेतुङ**

सन् १९६० को डिसेम्बर पहिलो साता नेपाल कम्युनिस्ट पार्टीका संस्थापक नेता निरञ्जनगोविन्द वैद्य चीन भ्रमणमा हुनुहुन्थ्यो । चिनियाँ क्रान्ति सम्पन्न भएको एक दशक नाघिसकेको थियो । वैद्य सोभियत सङ्घमा सम्पन्न मजदुर सङ्गठनहरूको अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिई प्रजग कोरिया हुँदै चीन पुग्नुभएको थियो । नेपाली नेता वैद्यले चिनियाँ नेता माओसँग भेट गर्ने अवसर पाउनुभयो । भेटमा माओले नेपालका मजदुर-किसानलगायत श्रमजीवी जनताबारे विभिन्न जिज्ञासा राख्नुभएछ । कुराकानीको क्रममा माओले वैद्यसँग 'चीनमा के के देख्नुभयो, अनि कस्तो लाग्यो चीन यहाँलाई' भनी सोध्नुभएछ । वैद्यले चीन एक विशाल देश हो, चारपाँच दिनको भ्रमणमा सबै कुरा हेर्न र बुझ्न सम्भव नभएको तर आफू पुगेका ठाउँमा चीनको प्रगति देखेर निकै प्रभावित भएको उल्लेख गर्नुभएछ । वैद्यको उत्तर सुनेर माओले 'हाम्रा कार्यकर्ताले तपाईंलाई राम्रो-राम्रो ठाउँमात्रै घुमाए होलान्, वास्तविक चीन फरक छ' भन्नुभएछ । चीनका थुप्रै कमजोरी र समस्या भएको र चीनको विकास गर्न अझै निकै मेहनत गर्नुपर्ने कुरा माओले भन्नुभएछ । माओले चिनियाँहरू दृढ भएर लागिरहेको कुरो निरञ्जनगोविन्द वैद्यलाई भन्नुभएको प्रसङ्ग वैद्यकै पुस्तकलाई उद्धृत गरी उहाँका छोरा शिशिरले नेपालको एक दैनिक पत्रिकामा केही महिना अगाडि लेख्नुभएको छ ।

प्रस्तुत घटनाले माओको बहुआयामिक व्यक्तित्वको उजागर गर्छ । माओको नम्रता र सरलताले एउटा विशाल देशको कम्युनिस्ट पार्टीलाई अझ विशाल एवम् अटल बनाएको बुझिन्छ । माथि प्रस्तुत घटना केही नगरेरै पनि धेरै गरेको स्वाङ पार्ने, भड्किलो प्रचारमै रम्ने, देखावटी काममै रमाउने नेपाली शासक दलका नेताहरूको प्रवृत्तिप्रतिको ठूलो कटाक्ष हो । माओको व्यक्तित्वबाट सिक्नुपर्ने यो पहिलो कुरा लाग्यो मलाई ।

माओको व्यक्तित्व झल्काउने नेपालसँग जोडिएको एउटा अर्को सन्दर्भ पनि छ । आजभन्दा करिब ६० वर्ष अगाडि सगरमाथाबारे नेपाल र चीनबिच विवाद भयो । चीनका विज्ञहरूले सन् १७२१ आसपासमा कोरिएका विश्वका सर्वोच्च शिखरको नक्सा आफूसँग भएको दाबी गरिरहेका थिए । सन् १९६१ मा तत्कालीन राजा महेन्द्रले चिनियाँ नेता माओसँग कुराकानी गरेपछि सगरमाथाको विवाद निरूपण भयो । माओ सगरमाथालाई सीमाको रूपमा लिन तयार हुनुभएको थियो । दक्षिणी छिमेकीसँग दशकौँदेखिको सीमा विवाद यथावत रहिरहेको अवस्थामा अन्तर्राष्ट्रिय महत्त्व बोकेको विश्वको सर्वोच्च शिखरबारेको विवाद सजिलै टुङ्गिने विषय थिएन । माओमा ठूलो देशको राष्ट्राध्यक्ष भएकोमा पटक्कै अहङ्कार थिएन । माओको विशाल सोचको कारण सगरमाथाबारेको नेपाल र चीनबिचको विवाद सहजै सल्टिएको थियो । यसबाट माओ तथ्य र प्रमाणको आधारमा स्पष्ट मत राख्ने नेता भएको स्पष्ट हुन्छ । सामरिक क्षमता, भूगोल, अर्थतन्त्र आदि कुनै पनि हिसाबले नेपालभन्दा अत्यन्तै विशाल मुलुकले नेपालप्रति देखाएको सहृदयता सबभन्दा अमूल्य छ ।

**माओको सद्भाव**

यो पङ्क्तिकार केटाकेटी छँदा मनाउने गरेको माओ त्सेतुङको जन्मदिवस (२६ डिसेम्बर) का कार्यक्रममा वक्ताहरू उहाँको बाल्यावस्थाका केही घटना र अध्ययनप्रति उहाँको लगावबारे नछुटाइ बोल्थे । विद्यार्थीका निम्ति अत्यन्त चासो तथा महत्त्वका विषय थिए ती । माओजस्ता महान् नेताको बाल्यावस्थाबारे जान्न जो कोही इच्छुक हुनु स्वाभाविकै थियो ।

एकदिन बालक माओलाई आमाबुबाले अन्नको बिस्कुन हेर्ने जिम्मा दिनुभएको थियो । गाउँका किसानहरू पनि अन्न सुकाउँदै थिए । अचानक पानी पर्‍यो । बालक माओ आफ्नो घरको अन्न थन्क्याउनुभन्दा पहिले एउटा गरिब किसानको अन्न बटुल्न सहयोग गर्न लाग्नुभयो । त्यसले गर्दा माओको घरको केही अन्न नोक्सानी भयो । माओका पिता खरो मिजासका हुनुहुन्थ्यो, माओले पिताको गाली खानुपर्‍यो । तर, माओले आफ्ना पितासँग भन्नुभयो, "थोरै अन्न खेर गएर हामीलाई धेरै फरक पर्दैन तर ती गरिब किसानको निम्ति धेरै फरक पर्छ ।" त्यस्ता प्रसङ्गले नयाँ पुस्तालाई गरिबका बारे सोच्न उत्साहित गर्दोरहेछ ।

**अध्ययनशील माओ**

आजको युवा पुस्तामा अध्ययनको संस्कृति दिनप्रतिदिन कमजोर भइरहेको सर्वत्र अनुभव गरिएको छ । चलचित्र, युट्युव, टिकटक र केही अनलाइनका हल्का ज्ञानमै सन्तुष्ट हुने प्रवृत्ति मौलाइरहेको बेलामा माओको अध्ययनशीलताबारेको चर्चा गर्नु यहाँ सान्दर्भिक हुन्छ होला !

पुस्तकालयमा बिहान ढोका खुलेदेखि साँझ बन्द नभएसम्म पुस्तकको अध्ययनमै युवा माओको दिनचर्या सकिन्थ्यो । स्वाध्ययनको हुटहुटीले नै माओलाई पुस्तकालयको कारिन्दासमेत बनायो । उहाँ रात-दिन पुस्तकको संसारमा डुब्नुहुन्थ्यो । ज्ञान-विज्ञानको तृष्णा लागेपछि माओ दियो बालेर रातभर पढ्नुहुन्थ्यो । विद्यालय वा कलेजको परीक्षा उत्तीर्ण गर्नुभन्दा विश्वको ज्ञानसँग साक्षात्कार गर्ने उत्कट चाहनाले उहाँलाई अध्ययनमा लीन हुन प्रेरित गरेको थियो । चीनको मात्र नभई विश्वको इतिहास, भूगोल, साहित्य, दर्शन, अर्थशास्त्र लगायतका उपलब्ध सामग्री अध्ययन गर्नुभएको थियो । यो प्रसङ्ग युवाहरूलाई अध्ययनमा उत्साहित गर्न पुग्दो हुनसक्छ ।

सन् १९४१ को मे महिनामा माओले येनानमा आयोजित कार्यकर्ताको बैठकमा 'हाम्रो अध्ययनलाई सुधारौँ' भन्ने प्रस्ताव (लेख) समेत राख्नुभएको सन्दर्भ यहाँ उल्लेखनीय छ । लेखमा उहाँले कार्यकर्ताले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको गम्भीर अध्ययन गर्नुपर्नेमा जोड दिनुभएको थियो । उहाँले कार्यकर्तालाई मनोगत आधारमा कुनै निर्णय नलिन सचेत गराउनुभएको थियो । परिस्थितिको गम्भीर अध्ययन गरी वस्तुगत यथार्थको आधारमा अघि बढ्नुपर्ने माओको विचार थियो । माओले इतिहासको अध्ययनमा पनि उत्तिकै जोड दिनुभएको थियो । मार्क्सवाद र लेनिनवादको अध्ययन फोस्रो आडम्बरको निम्ति नभई व्यवहारमा उतार्नको निम्ति हो भन्ने विचार आजको नेपाली परिप्रेक्ष्यमा पनि महत्त्वपूर्ण छ । सिद्धान्तनिष्ठ व्यवहारमाथि नै माओको मुख्य जोड थियो । त्यसो नगर्नुको अर्थ पार्टी भावना नहुनु वा ज्यादै कमजोर मानिस भएको भन्ने निष्कर्ष माओ - शिक्षाको मूलभूत आधार हो ।

**माओको उच्च मनोबल**

माओको परिवार कहिल्यै कमजोरी सिद्ध भएन । माओको जीवनसङ्गिनी याङ काईहुईलाई च्याङ काईसेकको सरकारले चरम यातना दिएर मारेको थियो । त्यो घटनाले माओलाई विचलित बनाएन । त्यस्तै जेठा छोरा माओ एनिङले २८ वर्षको उमेरमा कोरियाली युद्धमा शहादत प्राप्त गरे । साम्राज्यवादविरुद्ध लड्दालड्दै जसरी चिनियाँ युवाहरूले सहादत प्राप्त गरे, त्यसरी नै एनिङको मृत्यु भएको भनेर माओ त्सेतुङले चित्त बुझाउनुभयो । युद्ध मैदानमा हवाई आक्रमणबाट एनिङको निधन भएको थियो । अक्टोबर १९३० मा कोमिन्ताङको सेनाले समातेर चरम यातना दिएर पार्टी र माओलाई छोड्न दबाब दिएपनि याङ काईहुईले आत्मसमर्पण गर्नुभएन । त्यतिबेलै माओ त्सेतुङका जेठा छोरा ८ वर्षका एनिङलाई समेत यातना दिइएको थियो । कोमिन्ताङ सेनालाई याङ काईहुईले दिएको जवाफले माओ परिवार क्रान्तिप्रति कति दृढ हुनुहुन्थ्यो भन्ने प्रस्ट हुन्छ । उहाँको एउटा संस्मरण यस्तो छ, "तिमीहरू मलाई मार्न सक्छौ तर तिमीहरूले मेरो मुखबाट केही पनि बकाउन सक्दैनौ, मेरो टाउकोलाई टुक्राटुक्रा पारेर हावामा फ्याँकिदेऊ, मृत्युले डरपोकहरूलाई मात्र तर्साउँछ तर कम्युनिस्टहरूलाई होइन, चाहे सागर सुकोस् वा चट्टान टुक्राटुक्रा होस्, म माओसँगको सम्बन्धलाई तोड्न सक्दिनँ !"

**माओको सरलता**

तत्कालीन सोभियत सङ्घको नेतृत्वसँग भइरहेको सैद्धान्तिक सङ्घर्षको क्रममा सोभियत सङ्घसँगको चीनको सम्बन्ध बिग्रियो । स्तालिनको निधनपछि सोभियत सङ्घमा ख्रुस्चेभको संशोधनवादी नीति लागु भइसकेको थियो । चीन र सोभियत सङ्घबिच सहयोगको आदानप्रदान करिब बन्द भइसकेको थियो । चीनमा कार्यरत रूसी इन्जिनियरहरूसमेत फर्काइएका थिए । यसैबिच सन् ६० को दशकमा चीनमा ठूलो आर्थिक सङ्कट आइपर्‍यो । जनताका आधारभूत आवश्यकता पूरा गर्न पनि कठिनाइ हुनथाल्यो । माओ जनताको समस्यासँग आफू पनि समाहित हुन चाहनुहुन्थ्यो । दुःखको त्यो अवधिमा माओले माछामासु, फलफुलसमेत खान छोड्नुभयो । उहाँले आफैँले उमारेको तरकारीले काम चलाउनुभयो । उहाँको खानपान सामान्य थियो । कोठामा कुनै महँगा सामान थिएनन्, पुरानै रुमाल, लुगाफाटो, जुत्ता र चप्पल थिए ।

१ अक्टोबर १९४९ मा जनवादी गणतन्त्र चीनको घोषणा हुँदा माओले च्यातिएको सैनिक पोशाकलाई टालेर लगाउनुभएको कुरा उहाँकै अङ्गरक्षक याङ्ची क्वाकले आफ्नो संस्मरणमा उल्लेख गरेका छन् । सन् १९६१ मा चीनमा भएको ठूलो भोकमरीमा त्यहाँका जनताले कन्दमूलको रोटी पकाएर खाएको थाहा पाएपछि द्रविभूत हुनुभएका माओले ६ महिनासम्म मासु नै नखाएको जस्ता धेरै प्रसङ्गहरू याङ्चीको पुस्तकमा पाइन्छ ।

नेपालका एकजना राणा शासकसँग एक नागरिकले 'भोकै छु सरकार' भन्दा 'दूध र भात पनि खान पाएनौ' भनी प्रतिक्रिया दिएको कथा सुनेका, कम्युनिस्टकै नाममा चप्पल लाएर राजधानी छिरेका शासक नेताहरू भव्य महलका मालिक भएको देखेका नेपालीको निम्ति त्यो कुरा निकै आश्चर्यजनक हो ।

**आधुनिक चीन निर्माणका आधारशिला**

चीनमा माओलाई अहिले पनि अध्यक्षको रूपमा सम्बोधन गरिन्छ । चिनियाँ मुद्रामा माओकै चित्र अङ्कित छ । कतिपय 'विद्वान' ले १९७८ को खुलापनपछिमात्र चीनको आर्थिक परिवर्तन भएको भनी चिनियाँ नेता माओको अवमूल्यन् वा बदनाम गर्ने कुचेष्टा गर्छन् । कतिपय निन्दकले लामो समयसम्म 'एसियाको रोगी मान्छे' भनेर उपहास गरेको देशको अर्थतन्त्र सन् १९७८ सम्ममा पाँच गुनाले बढेको इतिहास लुकाउन खोजे । माओको शासनको अन्तिम दुई दशक सन् १९५७ देखि १९७५ मा प्रतिव्यक्ति राष्ट्रिय आयको हिसाबले ६३ प्रतिशतले बढेको तथ्याङ्क सार्वजनिक नै छ । त्यो आर्थिक विकास दर अन्य विकसित देशको भन्दा बढी थियो । माओको पालामा सोभियत सङ्घबाट प्राप्त केही आर्थिक तथा प्राविधिक सहयोगबाहेक कुनै अन्तर्राष्ट्रिय सहायता र वैदेशिक ऋणविना चीनले त्यो सफलता पाएको थियो । १९७४ तिरै चीनले जेट प्लेन, रेल, पानीजहाज, अन्तरमहाद्विपीय ब्यालेस्टिक क्षेप्यास्त्र, हाइड्रोजन बम र स्याटेलाइट निर्माण गरिसकेको थियो । माओ निर्देशित औद्योगिक क्रान्तिविना आधुनिक चीनको सफलता असम्भव थियो । माओको पालामा बाढी नियन्त्रण संरचना, बाँध, सिँचाइ प्रणाली निर्माण नगरिएको भए के चीनले आजको आर्थिक-सामाजिक समृद्धि हासिल गर्न सक्थ्यो ? निश्चितरूपमा सम्भव थिएन ।

पश्चिमी संसारले २५ वर्षसम्म चीनलाई खाद्यान्न, वित्तीय, प्राविधिक, औषधी र कृषि उपकरण आदिमा कठोर नाकाबन्दी लगाई विश्व समुदायबाट बहिष्करण गर्दापनि चीनको औसत आयु बढेर दोब्बर भएको लेखक गडफ्री रोबेर्ट्सले एक लेखमा उल्लेख गरेका छन् । माओकै पालामा चीनको साक्षरता दर ८४ प्रतिशत पुगेको थियो, महिलालाई शिक्षित बनाई दासताबाट मुक्त गरिएको थियो, आर्थिक असमानता हटाइएको थियो । माओकै पालामा चीनको विकास तथा निर्माणको गति तीव्र थियो भन्ने लेख रोबेर्ट्सको सार भनाइ थियो ।

माओको जीवनीमा लेखक हरिबहादुर श्रेष्ठ लेख्नुहुन्छ, "अक्टोबर १९६४ मा चीनले आणविक बमको पहिलो परीक्षण गरेर साम्राज्यवादी र रूसी संशोधनवादीहरूलाई हाँक दियो । तर, माओको विदेशनीतिअनुसार आणविक बम प्रयोग गर्नमा चीन कहिल्यै पहिलो हुने छैन भनेर संसारलाई चकित पारिदियो ।" हरिबहादुर श्रेष्ठ अगाडि भन्नुहुन्छ, "माओ साह्रै नम्र, विवेकी, विशाल हृदयको र स्पष्ट वक्ता हुनुहुन्थ्यो । माओ सम्पूर्ण चिनियाँ जनताको आँखाको नानी हुनुहुन्थ्यो ।"

माओ त्सेतुङको व्यक्तित्वले विश्वभरका शोषितपीडित मजदुरवर्गलाई सधैँ उज्यालो दिइरहनेछ ।



*किसानहरूसित माओ*



*छोरा यनिङका साथ माओ*



*श्रीमती याङकाइ हुइका साथ माओ*



चिनियाँ कम्युनिस्ट पार्टीका संस्थापकमध्येका एक र चिनियाँ जनक्रान्तिका अतुलनीय नेता अध्यक्ष माओ त्सेतुङको १३० औं जन्म दिवसका अवसरमा चीनको राजधानी पेइचिङस्थित ग्रेट हल अफ पिपल्सको अध्यक्ष माओ स्मृति हलमा आयोजित श्रद्धाञ्जली कार्यक्रममा चिकपा केन्द्रीय समितिका महासचिव तथा राष्ट्राध्यक्ष सी चिनफिङलगायत पार्टी पोलिट ब्युरोका सदस्य एवं राज्यका उच्च पदाधिकारीहरू डिसेम्बर २६, २०२३ का दिन ।

*तस्विर : सिन्ह्वा/जु पेङ*

# अधिकांश तेलको निर्यात चीन र भारतमा पुन:निर्देशित गरेको रुसको भनाइ

मस्को, ११ पुस (एएफपी) । युक्रेन द्वन्द्वमा पश्चिमी प्रतिबन्धबाट प्रभावित भएको करिब दुई वर्षपछि रुसी उपप्रधानमन्त्री अलेक्जेन्डर नोभाकले रुसले आफ्नो तेल निर्यातलाई युरोपबाट चीन र भारततर्फ पुन:निर्देशित गरेको बुधवार बताउनुभएको छ ।

सन् २०२२ मा राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमा सेना पठाएपछि पश्चिमी मुलुकहरूले रुसमाथि समुद्री तेल आपूर्तिमा युरोपेली युनियन ( इयु) को प्रतिबन्धलगायत धेरै प्रतिबन्ध लगाएका छन् ।

"हामी यसअघि युरोपलाई कूल ४० देखि ४५ प्रतिशत तेल र तेल उत्पादनको आपूर्ति गर्थ्यौं", ऊर्जा नीतिको समेत जिम्मेवारी सम्हाल्नुभएका उपप्रधानमन्त्री नोभाकले एक टेलिभिजन अन्तरवार्तामा भन्नुभयो, "यस वर्ष यो आँकडा कूल निर्यातको चारदेखि पाँच प्रतिशतभन्दा धेरै हुँदैन भन्ने हामीलाई अनुमान छ ।"

युरोपमा आफ्नो अधिकांश बजार हिस्सा गुमाइरहेकाले मस्कोले चीनसहित अन्य खरिदकर्तातर्फ ध्यान दिएको छ । "मस्कोको तेल निर्यातमा ४५ देखि ५० प्रतिशत हिस्सासम्म बढाएको चीन र भारत विद्यमान अवस्थामा हाम्रा मुख्य साझेदार बनेका छन्", उहाँले भन्नुभयो । पहिला कुनै ढुवानी प्राप्त नगरेको भारत अहिले प्रमुख खरिदकर्ता भएको छ ।

नोभाकले भन्नुभयो, "दुई वर्षमा भारतमा आपूर्तिमा कूल हिस्सा करिब ४० प्रतिशतसम्म बढेको छ ।" कच्चा तेललाई रिफाइन गरी युरोपेली ग्राहकहरूलाई बिक्री गर्नुअघि रुसबाट छुटमा कच्चा तेल लिन भारत सक्षम भएको रिपोर्टमा बताइएको छ । यद्यपि यस्तो बिक्री कानूनी भए पनि यो रुसी तेलका लागि पछाडिको ढोकाको बाटो भएको र यसले प्रतिबन्धको प्रभावलाई कमजोर बनाउने आलोचकहरूले बताएका छन् ।

मस्कोले इयुका मुलुकहरूलाई आफ्नो निर्यातमा कटौती गरेकाले रुसले आफ्नो प्राकृतिक ग्यास निर्यातका लागि नयाँ बजार खोज्नुपरेको छ । इयुले पनि नयाँ आपूर्तिकर्ताहरू खोज्नुपरेको छ ।

उपप्रधानमन्त्री नोभाकले सन् २०२३ मा धेरै प्रतिबन्ध लागे पनि रुसी ऊर्जा उद्योगको सफलतापूर्वक विकास भएको बताउनुभयो । उहाँका अनुसार यस वर्ष रुसी तेल र ग्यासको राजस्व करिब नौ हजार अर्ब रुबल (९८ अर्ब अमेरिकी डलर) हुनेछ । यो सन् २०२१ मा युक्रेनमाथि आक्रमण गर्नुअघिको समान स्तर हो ।

उहाँले मुलुकको कूल गार्हस्थ्य उत्पादनमा तेल र ग्यास उद्योगको हिस्सा २७ प्रतिशत रहेको जानकारी दिनुभयो । यो रुसको कूल निर्यात राजस्वको ५७ प्रतिशत हो । उहाँले अन्य खरिदकर्ताहरूका लागि रुस खुला रहेको बताउनुभयो । "रुसी तेल किन्न चाहने धेरै छन्, यी ल्याटिन अमेरिकी, अफ्रिकी र एसिया-प्रशान्त क्षेत्र अन्य देश हुन्", उहाँले भन्नुभयो ।

# निकेल प्लान्टमा भएको विस्फोटपछि इन्डोनेसियाका मजदुरद्वारा प्रदर्शन

जाकर्ता, ११ पुस (एएफपी) । सयौं इन्डोनेसियाली मजदुरले बुधबार चिनियाँ लगानीको निकेल प्रशोधन प्लान्टको अवस्थाविरुद्ध विरोध प्रदर्शन गरेका छन् । उक्त प्लान्टमा सप्ताहान्तमा भएको विस्फोटमा परी कम्तीमा १८ को मृत्यु र दर्जनौं घाइते भएका थिए ।

सुलावेसी टापुको मोरोवाली औद्योगिक पार्कमा रहेको पिटी इन्डोनेसिया सिङसान स्टेनलेस स्टिल ( आइटिएसएस) को स्वामित्वमा रहेको प्लान्टमा मजदुरले भट्टी मर्मत गर्ने क्रममा शनिबार बिहान दुर्घटना भएको थियो ।

सुलावेसी खनिजले सम्पन्न मुलुकको निकेल उत्पादनको केन्द्र हो । निकेल विद्युतीय सवारीको ब्याट्री र स्टेनलेस स्टिलमा प्रयोग गरिने धातु हो । यस क्षेत्रमा चीनको बढ्दो लगानीले तलब र कामको अवस्थालाई लिएर अशान्ति निम्त्याएको छ ।

एएफपीले प्राप्त गरेको तस्बिरहरूमा सयौं मजदुर परिसरबाहिर विरोध प्रदर्शनमा भाग लिइरहेको देखिएको छ । मजदुरको प्रतिनिधित्व गर्ने युनियनले प्रहरीलाई पठाएको पत्रअनुसार प्रदर्शनकारीले व्यवस्थापनसमक्ष २३ वटा मागको सूची दिएका छन् ।

मागमा धातु पगाल्ने संयन्त्रलाई राम्रो अवस्थामा राख्नुपर्ने, आपत्कालीन स्थितिको सामना गर्न स्वास्थ्य क्लिनिकको सुधार गर्नुपर्ने र चिनियाँ मजदुरलाई इन्डोनेसियाली भाषा सिक्नका लागि बाध्य बनाउनुपर्ने रहेका छन् ।

विस्फोटमा मारिनेमा आफ्नी श्रीमती र दुई छोराछोरीलाई छाडेर जाने ४० वर्षीय वेल्डर मुहम्मद तौफिक पनि हुनुहुन्थ्यो । तौफिकका काकाका छोरा परलिन हिदायतले भन्नुभयो, "परिवार शोकमा छ, उहाँ कमाउने व्यक्ति हुनुहुन्थ्यो ।" हिदायतका अनुसार आइटिएसएसले दुर्घटनापछि परिवारलाई ६ करोड रुपैयाँ (३० हजार ६ सय २५ अमेरिकी डलर) क्षतिपूर्ति दिएको छ ।

प्रहरीका अनुसार विस्फोटपछि घाइते भएका ३० जनाको अस्पतालमा उपचार भइरहेको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले मृतकमध्ये आठ चिनियाँ पनि रहेको जानकारी दिनुभयो । उहाँले उक्त दुर्घटनाबाट पेइचिङ 'अत्यन्त दु:खी' रहेको बताउनुभयो ।

उहाले दैनिक प्रेस ब्रिफिङमा भन्नुभयो, "चीनले सधैं चिनियाँ लगानीको विदेशी परियोजनामा सुरक्षित उत्पादनलाई उच्च महत्त्व दिएको छ ।" विश्वको सबैभन्दा ठूलो निकेल उत्पादक तथा चीनको सबैभन्दा ठूलो स्टेनलेस स्टिल निर्माता सिङसान होल्डिङ ग्रुपसँग आइटिएसएसमा ठूलो हिस्सा रहेको छ ।

# दक्षिणी थाइल्यान्डमा बाढीका कारण ६ जनाको मृत्यु

बैङ्कक, ११ पुस (एएफपी) । दक्षिणी थाइल्यान्डमा बाढीबाट कम्तीमा ६ जनाको मृत्यु र हजारौं घरबारविहीन भएको अधिकारीहरूले बुधबार बताएका छन् । डिसेम्बर २२ देखि आएको बाढीले सातुन, सोङ्ख्ला, पट्टानी, याला र नाराथिवाट प्रान्तमा ७० हजारभन्दा धेरै घरमा क्षति पुगेको क्षेत्रीय अधिकारीहरूले बताएका छन् ।

नाराथिवाटमा ८९ वर्षीया महिला र एक बालकसहित ६ जनाको मृत्यु भएको प्रान्तीय उपगभर्नर प्रिचा नुआलनोईले बताउनुभयो ।

उहाँका अनुसार धेरै दिनको भीषण वर्षापछि अर्को एक व्यक्ति बेपत्ता भएका छन् । वर्षाका कारण बाढीको पानीको सतह केही स्थानमा करिब तीन मिटरको उचाइसम्म बढेको छ । स्थानीय मिडिया फुटेजमा सडक हिलो र बाढीले डुबेको तथा बासिन्दाहरूले छतमा शरण लिइरहेको तस्बिर देखाइएको छ । राहत टोलीहरूले बोतलबन्द पानी र खाजा वितरण गर्न तथा क्षति वा हताहतको जाँच गर्नका लागि रातभर काम गरेका छन् ।

थाइल्यान्डको विपद् रोकथाम तथा न्यूनीकरण विभागका अनुसार बुधबार बिहान बाढीको सतह कम भएको छ । मलेसियाको सीमामा रहेको नाराथिवाट प्रान्तमा ट्याक धसेका कारण केही रेल सेवा धेरै दिनसम्म बन्द भएपछि पुन: सञ्चालनमा आएको उपगभर्नर प्रिचाले बताउनुभयो ।

वर्षाको मौसममा सामान्यतया समयसमयमा बाढीको प्रकोप देखिए पनि वैज्ञानिकहरूले मानवनिर्मित जलवायु परिवर्तनले वर्षालाई अझ तीव्र बनाएको बताएका छन् ।

## विश्व सङ्क्षेप

# चीनद्वारा एक अमेरिकी संस्था र दुई व्यक्तिविरुद्ध प्रतिनाकाबन्दी

पेइचिङ, २६ डिसेम्बर (सीआरआई) । डिसेम्बर २६ का दिन चिनियाँ परराष्ट्र मन्त्रालयका प्रवक्ता माओ निङले नियमित पत्रकार सम्मेलनमा अमेरिकाले फेरि सिन्च्याङसम्बन्धी गलत मानवअधिकार मुद्दाको निहुँमा चिनियाँ अधिकारी र कम्पनीहरूलाई अवैध नाकाबन्दी गराएको बताउनुभयो । जसले चीनको आन्तरिक मामिलामा गम्भीररूपमा हस्तक्षेप गरेको र अन्तर्राष्ट्रिय कानुन तथा अन्तर्राष्ट्रिय सम्बन्ध आधारभूत मान्यताहरूलाई गम्भीर उल्लङ्घन गरेको र सम्बन्धित चिनियाँ अधिकारी र कम्पनीहरूको वैधानिक अधिकार र हितलाई गम्भीर नोक्सान पुऱ्याएको उहाँले औंल्याउनुभयो । चीनले यसको कडा विरोध गर्नुका साथै अमेरिकासँग गम्भीर सम्पर्क गरेको छ ।

गणतन्त्र चीनको विदेशी प्रतिबन्धविरोधी कानुनअनुसार चीनले दीर्घकालीन सिन्च्याङसम्बन्धी संवेदनशील सूचना सङ्कलन गर्ने र अमेरिकाको सिन्च्याङसम्बन्धी अवैध नाकाबन्दीलाई आधार प्रदान गर्ने अमेरिकी डाटा कम्पनी, खारोनका अनुसन्धान निर्देशक एडमन्ड जु, पूर्व अमेरिकी वरिष्ठ रक्षा अनुसन्धान केन्द्रका अनुसन्धानकर्ता निकोल मोर्गरेट गरी दुई व्यक्तिलाई प्रतिनाकाबन्दी लगाउने छ ।

# "सी चिनफिङ नयाँ युगमा चिनियाँ विशेषतायुक्त समाजवादी विचारधाराको अध्ययन पत्रको श्रृङ्खला" को छैठौंदेखि दशौं खण्डहरूको प्रकाशन

पेइचिङ, २६ डिसेम्बर (सीआरआई) । चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको पार्टी इतिहास एवम् साहित्य संस्थानद्वारा सम्पादन गरिएको "सी चिनफिङ नयाँ युगमा चिनियाँ विशेषतायुक्त समाजवादी विचारधाराको अध्ययन पत्रको श्रृङ्खला" को छैठौंदेखि दशौं खण्डहरूलाई चिनियाँ केन्द्रीय साहित्य प्रकाशन संस्थाले प्रकाशनसँगै चीनमा वितरण गरेको छ । यो अध्ययन पत्रको श्रृङ्खलाका छैठौंदेखि दशौं खण्डहरूमा कुल ३१ वटा सैद्धान्तिक प्रचारात्मक लेखहरू समावेश छन्, जसलाई सन् २०२० देखि चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको पार्टी इतिहास एवम् साहित्य संस्थानले लेखन तथा व्यवस्थापन गरी 'पिपुल्स डेली' र 'छ्युश' मा प्रकाशित गरेका छन् । यसमा लगभग २ लाख ३० हजार शब्दहरू छन् । यी लेखहरू अत्यधिक वैचारिक र पठनीय छन् र महासचिव सी चिनफिङका सान्दर्भिक महत्त्वपूर्ण विचारधाराहरूको गहन अध्ययन गरेर यसमा भएका सत्य, सिद्धान्त र दर्शनको व्याख्यालाई सुझाएका छन् ।

सन् २०२० मा यो पत्र श्रृङ्खलाको पहिलोदेखि पाँचौं खण्डहरू प्रकाशन गरिएको थियो ।

# इराकमा भएको विस्फोटमा दुई पर्यटकको मृत्यु

बगदाद, ११ पुस (सिन्ह्वा) । पश्चिमी इराकको मरुभूमिमा मङ्गलबार सडक किनारमा भएको बम विस्फोटमा परी मारिएका दुई कुवेती र साउदी पर्यटकको शव फेला परेको इराकी सेनाले बताएको छ ।

सुरक्षा मिडिया सेलले जारी गरेको विज्ञप्तिअनुसार पर्यटक भिसामा इराक प्रवेश गरेका एक साउदी र एक कुवेती अनवर, सलाहुद्दिन र निनेवेह प्रान्तमा फैलिएको विशाल मरुभूमिमा बेपत्ता भएका थिए ।

इराकी सुरक्षा बलले अनबर मरुभूमिमा बेपत्ता पर्यटकको खोजीमा व्यापक अभियान सञ्चालन गर्दा उनीहरूको जलेको शव फेला पारेका हुन् ।

विज्ञप्तिमा आतङ्कवादी समूह इस्लामिक स्टेट (आइएस) ले सडक किनारमा छोडेको पुरानो बममा उनीहरूको गाडीले ठक्कर दिँदा भएको विस्फोटबाट मृत्यु भएको आशङ्का गरिएको छ ।

यसैबीच अनबर प्रान्तको एक सुरक्षा स्रोतका अनुसार कुवेती र साउदी मरुभूमिमा शिकार यात्रामा रहेका थिए । उनीहरू आइएसको गतिविधिबाट पूर्णरूपमा सुरक्षित थिएनन् ।

सन् २०१७ मा आइएसको पराजयपछि इराकमा सुरक्षा स्थितिमा सुधार भएको छ । यद्यपि आइएसका केही अवशेष सहरी केन्द्र, मरुभूमि तथा उबडखाड क्षेत्रमा लुकेका छन् र उनीहरूले सुरक्षा फौज र सर्वसाधारणविरुद्ध लगातार गुरिल्ला हमला गरिरहेका छन् ।

# चालु आर्थिक वर्षमा पाकिस्तानको भुक्तानी सन्तुलनमा उल्लेख्य सुधार

इस्लामाबाद, ११ पुस (सिन्ह्वा) । पाकिस्तानले चालु आर्थिक वर्ष ( जुलाई २०२३ देखि जुन २०२४ सम्म) को डिसेम्बर २० सम्म भुक्तानी सन्तुलनमा वार्षिकरूपमा पाँच अर्ब ६० करोड अमेरिकी डलरले सुधार गरेको वाणिज्य मन्त्रालयले बताएको छ ।

कार्यवाहक वाणिज्यमन्त्री गौहर इजाजलाई उद्धृत गर्दै मन्त्रालयको विज्ञप्तिमा सकारात्मक व्यापार आँकडा र माथि जाने प्रवृत्तिले पाकिस्तानको लचिलोपनलाई प्रतिबिम्बित गरेको उल्लेख छ ।

"हामी आफ्ना निर्यातलाई सक्षम बनाउने र निर्यातका लागि नयाँ गन्तव्य खोज्ने दिशामा काम जारी राख्नेछौं", मन्त्री इजाजले भन्नुभयो ।

यसै आर्थिक वर्षको डिसेम्बर २० सम्ममा पाकिस्तानको निर्यात बढेर १४ अर्ब डलर पुगेको विज्ञप्तिमा उल्लेख छ । यसले वार्षिकरूपमा ७० करोड ९० लाख डलर (पाँच दशमलव तीन प्रतिशत) ले सुधार भएको देखाएको छ ।

### माओको १३० औं जन्मजयन्तीको सम्झनामा टेलिभिजन नाटकहरू

# दिवंगत नेताको कथाले चिनियाँ युवाहरूलाई प्रेरणा दिन्छ

**✍ चेन सी**

दिवंगत नेता माओ त्सेतुङको १३० औँ जन्मजयन्तीको सम्झनामा 'लाइटसीकरः द स्टोरी अफ द यंग माओ त्सेतुङ र वन्डरिङ द भास्ट' लगायत थुप्रै टिभी प्रसारण भइरहेका छन् । राष्ट्रिय रेडियो र टेलिभिजन प्रशासनका दुई प्रमुख परियोजनाहरूले उच्च दर्शक सङ्ख्या र ठोस शब्द-मुखी दुवै हासिल गरेका छन् किनभने धेरै चिनियाँ दर्शकहरूले प्रदर्शनमा रहेको इतिहाससँग दृढतापूर्वक प्रतिध्वनि व्यक्त गरे । उत्पादन टोलीले ग्लोबल टाइम्सलाई भने कि उनीहरूलाई आशा छ कि यो इतिहासले थप युवा चिनियाँहरूलाई उनीहरूको सपनाहरू पछ्याउन प्रेरित गर्नेछ ।

लाइटसीकरः युवा माओ त्सेतुङको कथा एक युवा क्रान्तिकारीमा केन्द्रित छ । नाटकले सन् १९१८ मा हुनान फर्स्ट नर्मल स्कुलबाट स्नातक भई सन् १९२१ मा चिनियाँ कम्युनिस्ट पार्टीको पहिलो राष्ट्रिय महाधिवेशनसम्मको उनको उल्लेखनीय क्रान्तिकारी यात्राको वर्णन गर्दछ ।

नाटकका पटकथा लेखकमा जिहोङले ग्लोबल टाइम्सलाई बताए कि यी तीन वर्ष माओका लागि रोमाञ्चक र परिवर्तनकारी अवधि थिए, जुन आधारभूत चरणमा उनको विश्व दृष्टिकोणमा आधारभूत परिवर्तन भएको थियो । यी तीन वर्षमा माओले देशलाई बचाउने माध्यमको रूपमा शिक्षाको वकालत गर्ने आदर्शवादी युवाबाट अटल मार्क्सवादीमा परिणत भए ।

निर्देशक लिउ बियाओले ग्लोबल टाइम्सलाई भने कि 'लाइटसीकरः द स्टोरी अफ द यंग माओ त्सेतुङ' ले आदर्श, विश्वास र प्रेमको बारेमा युवा स्मृति प्रस्तुत गर्दछ । यसले युवाहरूको समूहलाई उनीहरूको भावनात्मक वृद्धि, बलिदान र आदर्शहरू तथा आफ्नो देशप्रतिको प्रेमको पछि लाग्ने समर्पणको बारेमा चलिरहेको कथालाई स्पष्टरूपमा चित्रण गर्दछ ।

लाइटसीकरको प्रसारणपछि धेरै नेटिजनहरूले नाटकमा युवा माओको चित्रणले उनीहरूलाई उहाँप्रति थप 'मिलनशील' महसुस गराएको कुरा व्यक्त गरे । हाल, चीनको एक्स (ट्विटर) जस्तो सिना वेबो (क्लब ध्भष्दय) मा सम्बन्धित विषय १ करोड ४२ लाख ७० हजार मिलियन भ्यूहरू पार गरिसकेको छ ।

माले यस नाटकको उद्देश्य एक आधारभूत र प्रामाणिक माओलाई चित्रण गर्ने उद्देश्य रहेको बताउनुभयो र उहाँलाई महान् नेताको आभाबाट मुक्त गराउनु हो । लक्ष्य भनेको विकासको बाटोमा भेटघाटहरू प्रदर्शन गर्दै सामान्य व्यक्तिको रूपमा उसको चासो र भावनाहरूलाई उच्च मूल्याङ्कन गर्नु हो ।

"यस दृष्टिकोणबाट मात्र दर्शकहरूले कामलाई दैनिक र जीवनको न्यानोपनको अर्थमा बुझ्दै माओको व्यक्तित्व र आकर्षणलाई एक साधारण व्यक्तिको रूपमा महसुस गर्न सक्छन्," उनले भनिन् ।

१९९० पछि र २००० पछिका धेरै व्यक्तिहरूले अध्यक्ष माओलाई आफ्नो आइडलको रूपमा देख्दा आफू प्रभावित भएको माले बताइन् । तिनीहरूले आफ्नो दैनिक यात्राको क्रममा माओका कामहरू पढ्छन्, मध्य चीनको हुनान प्रान्तको शाओशान र उत्तरपश्चिम चीनको शान्सी प्रान्तको यानआनजस्ता क्रान्तिकारी स्थलहरूको यात्रा गर्छन् र माओका फोटो र ब्याजहरू सङ्कलन गर्छन् ।




"लाइटसीकरमा चित्रण गरिएको युग आजबाट एक शताब्दी पहिलेको भए पनि, त्यो पुस्ताका युवाहरूको भावना - निर्भयतापूर्वक कठिनाइहरूको सामना गर्ने, अवरोधहरूबाट अविचलित, बलिदानदेखि नडराउने भावना कालातीत छन् । यसले अझै पनि आजका युवाहरूलाई प्रेरणामा प्रतिकूलता, तिनीहरूलाई चुनौतीहरूको सामना गर्न र मृत्युको सामनामा जीवनलाई अँगाल्न अनुमति दिँदै प्रतिध्वनित गर्न र प्रेरणा दिन सक्छ," उनले भनिन् ।

अर्को टिभी शृङ्खला, वन्डरिङ द भास्टले सन् १९२१ देखि १९२७ सम्म चिनियाँ कम्युनिस्ट पार्टीको पहिलो राष्ट्रिय महाधिवेशनबाट फर्किएपछि युवा माओ त्सेतुङको कथा बताउँछ । चिनियाँ क्रान्ति र राष्ट्रको नियतिको बारेमा गहिरो विचारले भरिएका माओले मार्क्सवादी विश्वासलाई दृढतापूर्वक अभ्यास गर्दै अनुयायीबाट अग्रगामी र अन्वेषकको रूपमा विकास गर्दै अन्ततः चिनियाँ क्रान्तिको सही मार्ग पत्ता लगाउनुभयो ।

डिसेम्बर १२ मा 'वन्डरिङ द भास्ट' को प्रिमियर भएदेखि सबै प्लेटफर्महरूमा उच्चतम दर्शकको मूल्याङ्कन ०.७८ प्रतिशत पुगेको छ, जबकि सिना वेइबो विषयको कुल भ्यू ५१ करोड पुगेको छ । पात्रहरूले आकर्षण प्राप्त गर्ने र शोको लोकप्रियतामा योगदान पु-याउनेबारे छलफलहरूसहित दर्शकहरूको प्रतिक्रिया उत्साहजनक रहेको छ ।

वन्डरिङ द भास्टमा जाडो पौडी खेल्ने, फुटबल खेल्ने र खेती गर्नेजस्ता गतिविधिहरूमा संलग्न युवा माओको चित्रणले उहाँको जीवन चरित्रमा हास्यपूर्ण र बहुआयामिक आयाम थप्छ, महान् व्यक्तित्व र दर्शकहरूबिचको दूरी घटाउँछ ।

नाटकका पटकथा लेखक लियाङ झेनहुआले भने कि निर्माण टोलीले २०२१ मा शोको अवधारणा बनाउन थाल्यो । उनीहरूले व्यवस्थितरूपमा त्यही वर्षको डिसेम्बरदेखि तीनवटा फिल्ड भ्रमणहरू आयोजना गरेका थिए । जुन क्रममा उनीहरूले झन्डै १०० आधिकारिक ऐतिहासिक सामग्रीहरू हेरेका थिए र विशेषज्ञहरू चिकपाको इतिहासबारे धेरै छलफलहरू गरेका थिए । यस वर्षको मे महिनामा छायाङ्कन औपचारिकरूपमा सुरु भएको थियो ।

छायाङ्कनको क्रममा ७६१ वटा दृश्यहरू खिचिएका थिए र लगभग १० हजार वेशभूषा र ५२ हजार प्रोप्स प्रयोग गरिएको थियो । मुख्य बैठक स्थलहरू, प्रमुख चरित्र उपस्थितिहरू, र आवश्यक कार्यालय र घरको वातावरणहरू ऐतिहासिक तस्बिरहरूमा आधारित इमानदारीपूर्वक दोहोऱ्याइएको थियो ।

उनले स्मरण गरे कि रचनात्मक टोलीले सावधानीपूर्वक डेस्क कार्यमा पर्याप्त प्रयास लगानी गरेको छ । वन्डरिङ द भ्यास्टमा, ३५० जना ऐतिहासिकरूपमा चर्चित व्यक्तित्वहरूको चित्रणले कुनै पनि लेखन सुरु गर्नुअघि उनीहरूको जीवन कथाहरू र वैचारिक प्रक्षेपणहरूमा गहिरो अनुसन्धान आवश्यक रह्यो । नाटकमा प्रत्येक कथानक बिन्दु र संवादको रेखाले शैक्षिक कठोरताको लागि सावधानीपूर्वक ऐतिहासिक छानबिन गरिएको थियो । टिभी कार्यले श्रोताहरूलाई इतिहासको यस अवधिको थप व्यापक र गहिरो समझ प्राप्त गर्न मद्दत गर्न सक्ने उनीहरू आशा गर्छन् ।

"अध्यक्ष माओले चिनियाँ कम्युनिस्ट पार्टीको प्रारम्भिक सङ्गठनकर्ता र संस्थापक नेताहरूमध्ये एकको भूमिकामा मार्क्सवादलाई चीनको व्यावहारिक अवस्थासँग एकीकरण कार्यलाई मूर्त रूप दिनुभयो । उहाँको व्यक्तित्वको विकासले चिकपाको गौरवशाली विकासलाई प्रतिबिम्बित गर्दछ । चिनियाँ क्रान्तिको कार्यको कथा युवा माओको 'प्रारम्भिक अनुयायी' देखि 'अग्रगामी नेता' सम्मको रूपान्तरणबाट प्रकट हुन्छ । मलाई आशा छ कि हामीले उत्कृष्ट कार्यका साथ महान् नेतालाई श्रद्धाञ्जली अर्पण गरेका छौँ," उनले भने ।

***- ग्लोबल टाइम्सबाट***
***अनुवाद : प्रकाश***

## हार्दिक श्रद्धाञ्जली



**गंगानन्द बनेपाली**


**जन्म : २००८/१०/२५    निधन : २०८०/०७/२९**

भक्तपुर सितोरियो कराते संघका सचिव एवम् SCI-Nepal का पूर्वअध्यक्ष हाम्रा सहृदयी मित्र सच्चिदानन्द बनेपालीका पूजनीय पिता **गंगानन्द बनेपाली**को असामयिक निधन भएको आज ४५ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**साथीहरू**

| | | |
|---|---|---|
| राजु सिं बजिकों | लक्ष्मी चक्रधर अवाल | रामकाजी रंजितकार |
| मृगेन्द्र मोहन धौभडेल | सुनिल प्रजापति | रामचन्द्र शाक्य |
| राजन चित्रकार | रोहित मानन्धर | प्रेमलाल भासिमा |
| हरिकृष्ण प्रजापति | रविन्द्र लाछिमस्यु | किशोर प्रजापति |
| ज्ञानेन्द्र प्रजापति | महेश मानन्धर | कष्णराम ख्वँजु |

## हार्दिक समवेदना



**काशीबहादुर त्वानाबासु**

**जन्म : १९९४/०१/१५    निधन : २०८०/०९/०४**

यस जीवनपुर इँटा उद्योगका सञ्चालक तथा हाम्रा आत्मीय दाजु आशाकाजी त्वानाबासुका पूजनीय पिता **काशीबहादुर त्वानाबासु**को दुःखद निधन भएको आज १० औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकोस् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**जीवनपुर इँटा उद्योग**
धादिङ्,-२ धुनीबेसी

# महाबुमा माओ जन्म दिवस कार्यक्रम

दैलेख, ११ पुस । नेपाल क्रान्तिकारी महिला सङ्घ महाबु गाउँ समितिको आयोजनामा विश्व सर्वहारा वर्गका महान् गुरु माओ त्सेतुङको १३० औँ जन्मदिवस कार्यक्रम मङ्गलबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी जिल्ला समिति दैलेखका अध्यक्ष जगत वलीले विश्व सर्वहारा वर्गका महान् गुरु माओ त्सेतुङले शोषितपीडित चिनियाँ जनतालाई मुक्त गराउन सङ्घर्ष गरेकै कारणले आज चीन समृद्धिको बाटोमा पुगेको चर्चा गर्नुभयो । उहाँले नेमकिपाका कार्यकर्ताहरूमा माओ त्सेतुङको विचारलाई अनुसरण गरी देश र जनताको सेवामा लाग्नुपर्ने बताउँदै सचेत र सङ्गठित भई समाजवाद स्थापनाको निम्ति अगाडि बढ्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा नेमकिपा दैलेख जिल्ला समितिका सल्लाहकार सदस्य बमबहादुर सिंह, नेमकिपा जिल्ला समितिका लक्ष्मी सिंह, नेक्रामसङ्घ गाउँ समितिका उपाध्यक्ष गीता थापा र झुमा थापाले पनि बोल्नुभएको थियो ।

**जुलुस...**

गर्छन् । कति देशका नेता वा कार्यकर्ताले नेपाली काङ्ग्रेस पार्टीले सरकारमा रहेका पार्टी 'मूल पार्टी' र साँच्चिचकै 'समाजवादी', 'वामपन्थी', 'मध्यमार्गी' पार्टीको रूपमा लिन्छन् । त्यस्तै एमालेलाई 'ठूलो विद्रोह'बाट आएको तल्लो वर्गको पार्टी 'मार्क्सवादी- लेनिनवादी' पार्टी हो भने बुझ्छन् । अहिलेसम्म एमाले साँचो अर्थमा 'क्रान्तिकारी' होइन, 'भाइ काङ्ग्रेस' हो भनी बुझ्दैनन् । कतिले 'जनता पार्टी' र 'समाजवादी' पार्टीहरूलाई 'वामपन्थी' र साँच्चै तल्लो वर्गको पार्टीको रूपमा लिन्छन् । तर, व्यवहारमा नेपाली जनतामा सबै पुँजीवादी हुन् नभनी आ-आफ्नै जातिवादी दल अर्थात् 'खस आर्य' दल, 'मधेसी' र फरकफरक जात र भाषाको आधार लिन्छन् । यसकारण, नेपालका राजनीतिक दलहरूको ऐतिहासिक पृष्ठभूमि वर्गीय र सैद्धान्तिकरूपले प्रचार गर्नु खाँचो छ । नेपाली जनतालाई पनि व्यवहारबारे जानकारी दिने वा शिक्षित गर्नु आवश्यक छ ।

---

## हार्दिक समवेदना



जन्म २००३/१०/०४ — निधन २०८०/०९/०९

नेपाल क्रान्तिकारी यातायात मजदुर संघका सदस्य जिवन मगजुका पूजनीय पिता **धनबहादुर मगजु**को दुःखद निधन भएको आज चौथो दिन (लक्च)को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**नेपाल क्रान्तिकारी यातायात मजदुर संघ**
कमलविनायक-१०, भक्तपुर

---

## हार्दिक समवेदना



जन्म २०३६/०५/२० — निधन २०८०/०९/०६

भनपा १० वडा छिक्वङ्ग समूहका प्रशिक्षार्थी लक्ष्मीकुमारी त्वानाबासुका सुपुत्र **रमेश त्वानाबासु**को असामयिक दुःखद निधन भएको आज सातौं दिन (न्हेनुमा)को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भनपा १० वडा छिक्वङ्ग समूह**
कमलविनायक-१०, भक्तपुर

---

## हार्दिक समवेदना



जन्म १९९७/०९/ २४ — निधन २०८०/०९/०९

गोविन्द चाँगुभारी

यस संस्थाका ऋण उप-समितिका सदस्य गोपीकृष्ण चाँगुभारीका पूजनीय पिता **गोविन्द चाँगुभारी**को असामयिक स्वर्गारोहण भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति हार्दिक श्रद्धाञ्जली अर्पण तथा मृतात्माको चिरशान्तिको कामना गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति प्रदान होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**श्रमजीवी बचत तथा ऋण सहकारी संस्था लि.**
भक्तपुर नगरपालिका-६, फोन नं ०१-६६१८३४१

---

## हार्दिक समवेदना



जन्म २०३६/०५/२० — निधन २०८०/०९/०६

रमेश त्वानाबासु

हाम्रा आत्मीय सहपाठी मित्र **रमेश त्वानाबासु**को असामयिक दुःखद निधन भएकोमा हामी स्तब्ध छौं । यस दुःखद घडीमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**साथीहरू**

| | | |
|---|---|---|
| प्रकाश थुसा | मुकेश श्रेष्ठ | रञ्जना त्वाती |
| आशराम सुवाल | रूकेश कमाृचार्य | राज्यलक्ष्मी ख्याजु |
| चन्द्रकृष्ण ग्वाछ्वा | अमृत मिश्र | कृष्णराज गोसाई |
| सन्देश मानन्धर | श्रीकृष्ण केसी | जीवन छुस्याकी |

**शारदा मा.वि. एस.एल.सी. ब्याच २०५३ का साथीहरू**

---

## हार्दिक श्रद्धाञ्जली



जन्म २०३६/०५/२० — निधन २०८०/०९/०६

रमेश त्वानाबासु

यस लायन्स क्लव अफ भक्तपुर न्यातापोलका सदस्य लायन **रमेश त्वानाबासु** ब्रम्हलिन हुनुभएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकोस् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**लायन्स क्लव अफ भक्तपुर न्यातापोल**
भक्तपुर

---

## हार्दिक श्रद्धाञ्जली



जन्म १९९७/०३/२४ — निधन २०८०/०९/०१

कृष्णलाल गोसाई

यस समूहका सदस्य धन गोसाईका पूजनीय पिता **कृष्णलाल गोसाई**को दुःखद निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**१८ गते समूह**

---

## हार्दिक समवेदना



जन्म १९९२/०८/१२ — निधन २०७९/०९/२५

यस संस्थाका संस्थापक तथा सञ्चालक समितिका सदस्य बालकृष्ण साँदकी ममतामयी माता **रत्नमाया साँद**को दुःखद निधन भएको आज १ वर्षको वार्षिक पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**स्वर्णीम बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह, भक्तपुर

---

## हार्दिक समवेदना



जन्म २०३६/०५/२० — निधन २०८०/०९/०६

रमेश त्वानाबासु

यस संस्थाका संस्थापक सदस्य भनपा वडा नं. १० कमलविनायक बस्ने **रमेश त्वानाबासु**को असामयिक दुःखद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सर्वसुलभ उपभोक्ता सहकारी संस्था लि.**
**सञ्चालक समिति परिवार**
कमलविनायक-१०, भक्तपुर, फोन नं. ०१-६६१२१२०

---

## हार्दिक श्रद्धाञ्जली



जन्म १९९७/०९/२४ — निधन २०८०/०९/०९

गोविन्द चाँगुभारी

नेमकिपा ६ वडा एकाइ समितिका अध्यक्ष गोपीकृष्ण चाँगुभारीका पूजनीय पिता **गोविन्द चाँगुभारी**को दुःखद निधन भएकोले दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**नेपाल मजदुर किसान पार्टी**
**६ वडा एकाइ समिति**

---

## हार्दिक समवेदना



जन्म १९९७/०३/२४ — निधन २०८०/०९/०१

कृष्णलाल गोसाई

हाम्रा आत्मीय मित्र धन गोसाईका पूजनीय पिता **कृष्णलाल गोसाई**को दुःखद निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**साथीहरू**

| | | |
|---|---|---|
| राधेश्याम लाखाजु | दिपक किलम्बु | रामसुन्दर त्वाती |
| लक्ष्मीसुन्दर सिंख्वाल | विकल दुकुछु | विनोद लाखाजु |
| सनिस कर्माचार्य | दिनेश गोसाई | अनिल लवां |
| राजेशमान कर्माचार्य | सुशिल सुलु | जिवन लाखाजु |
| विष्णुभक्त साँध | सुरेन्द्र राजचल | निरज खाईजु |
| कृष्णहरि सितिखु | सुरेश धुख्वा | राम न्हेम्हाफुकि |
| | रमेश सुकुपायो | |

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा